चौमासिक, पूर्णाङ्क ११
०७४ साउन/फागुन

# प्राज्ञिक संसार

Academia
Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np



## चीनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सांस्कृतिक प्रस्तुति



तेस्रो अन्तर्राष्ट्रिय रामायण महोत्सवमा सीता स्वयम्बर गीतिनाटिका

## राष्ट्रिय महिला रङ्ग उत्सवमा ९ नाटक

## सम्पादकीय

# प्रदर्शनकारी लोक मौलिक संस्कृति संरक्षण हाम्रो अभियान

नेपाल आफैंमा कला संस्कृतिले धनी मुलुक हो । विविध जातजाति, भाषाभाषीले सुसज्जित यो मुलुक सांस्कृतिक रूपमा विविधतामा एकता हो । हिमाल, पहाड, तराई मधेसको जसरी आफ्नै भौगोलिक विशेषता छ । यस्तै, सांस्कृतिक विशेषता पनि त्यत्तिकै विविधता छ । यो नै हाम्रो मुलुकका भौगोलिक र सांस्कृतिक पहिचान हो ।

सांस्कृतिक रूपमा धनी हाम्रो मुलुकका हरेक गाउँगाउँमा आफ्नै मौलिक नृत्य, गायन, नाट्य जस्ता प्रदर्शनकारी कलाहरू छन् । प्राकृतिक विविधतासँगै मौसमको रूपमा पनि हाम्रो मुलुक त्यत्तिकै सम्पन्न छ । जहाँ वर्षमा ६ वटा ऋतु हुन्छ । हरेक ऋतुका आ-आफ्नै विशेषता छन् । यहाँका बासिन्दाहरूको प्रत्येक ऋतुमा प्रस्तुत गरिने फरक फरक प्रकारका विविध प्रदर्शनकारी कलाहरू छन् । ऋतु र मौसम परिवर्तनसँगै सोही मौसम एवं ऋतु सुहाउँदो नृत्य, गायन, वाद्यवादन, नाट्य संस्कृति हामीसँग छ । त्यसैले त सांस्कृतिक रूपमा नेपाललाई विविधतामा एकता भनिएको हो ।

मुलुकका असली परिचय भनेकै प्रदर्शनकारी मौलिक लोक संस्कृति हो । आफ्नो यस्तो प्रदर्शनकारी लोक संस्कृति जगेर्नाका लागि कैयौं विदेशी मुलुकहरूले अनगिन्ती खर्च गरेका छन् । यस्तो प्रदर्शनकारी मौलिक लोकसंस्कृतिले एकातिर आफ्नो मुलुक, त्यहाँका जातजातिको विश्वव्यापी रूपमा परिचय कायम गरिरहेको हुन्छ । अर्कोतर्फ यस्ता लोकसंस्कृतिले सम्बन्धित समुदायको जीवनमा खुसियालीसँगै आनन्द ल्याइरहेको हुन्छ ।

अर्कोतर्फ, यस्ता मौलिक लोक नाचगान, वाद्यवादन, नाटिका हेर्न, यसबारे अनुसन्धान गर्न विदेशी पर्यटकहरू त्यत्तिकै मात्रामा आउने गर्छन् । यस्ता प्रदर्शनकारी मौलिक कलाबाट मुलुकका पहिचानसँगै पर्यटनका माध्ययमबाट मुलुकलाई राम्रो आम्दानी पनि हुने गरेको छ । त्यसैले अहिलेको आवश्यक भनेको यस्तो प्रदर्शनकारी मौलिक लोककलालाई जगेर्ना गर्नु हो । यसको विकास, विस्तार र संरक्षण गर्नु हो । यो कार्यमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान निरन्तर लागिरहेको छ र लागिरहनेछ भन्ने हाम्रो प्रण रहेको छ ।

## विषय-सूची


चीनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सांस्कृतिक प्रस्तुति | ५
प्रज्ञा प्रतिष्ठानद्वारा स्रष्टा/कलाकार परिचयपत्र वितरण गरिने | ६
नृत्यको सैद्धान्तिक स्वरूपबारे कार्यशाला गोष्ठी | ७
उराँव समुदायको प्रदर्शनीकलाबारे नाट्य विमर्श | ८
धादिङबेसीमा भव्य आधुनिक गायन प्रस्तुति | १०
भव्य भयो लोपोन्मुख आदिवासी सांस्कृतिक मेला-२०७४ | ११
उदाए १३ जना नाटक लेखक | १३
राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ | १६
भव्य भयो मेलम्चीमा दुई दिवसीय सङ्गीत महोत्सव | २५
कला भूषण चन्द्रराज शर्मा अब सम्झनामा | ३०



**तेस्रो अन्तर्राष्ट्रिय रामायण महोत्सवमा**

# नेपालको सीता स्वयम्बर गीति नाटिका



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट भारतीय सांस्कृतिक सम्बन्ध परिषद्द्वारा भारतमा आयोजित तेस्रो अन्तर्राष्ट्रिय रामायण महोत्सव कार्यक्रममा सीता स्वयम्बर गीति नाटिका प्रस्तुत गरिएको छ ।

महोत्सवमा सहभागिता जनाउन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधवकुमार प्रधानको नेतृत्वमा १२ सदस्यीय टोली नयाँ दिल्ली गएको थियो । भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को निम्तामा प्राज्ञ परिषद् सदस्य प्रधानसहित प्राज्ञ परिषद् सदस्यद्वय उदयचन्द्र श्रेष्ठ, पवित्रा घर्तीमगर, प्राज्ञ सभा सदस्यद्वय नारायणीदेवी प्रधान, कृष्णभक्त महर्जन, कर्मचारी ध्रुव वाग्ले र ६ जना कलाकार गरी १२ सदस्यीय टोली १२ सेप्टेम्बरमा नयाँ दिल्ली गएको थियो ।

सो महोत्सवमा नेपाललगायत भारत, इन्डोनेसिया, मलेसिया, मौरिसस र श्रीलंकाका नाट्य संस्थाहरूले रामायणसम्बन्धी विभिन्न प्रस्तुति दिएका थिए । २८ भदौमा नयाँ दिल्लीस्थित कामिनी अडिटोरियममा पहिलो प्रस्तुति श्रीलंकाको रहेको थियो ।

महोत्सवमा दोस्रो प्रस्तुतिस्वरूप नेपालको तर्फबाट सीता



स्वयम्बर गीति नाटिका प्रस्तुत भएको थियो । नेपाली टोलीको हौसला बढाउन भारतका लागि नेपाली राजदूत दिपकुमार उपाध्यायको उपस्थिति पनि कार्यक्रममा रह्यो । दर्शकदीर्घाबाट नाटक मञ्चनका बेला तालीका फोहरा नै छुटेका थिए ।

यस्तै, दिल्लीपश्चात उडिसा राज्यको भुवनेश्वर प्रस्थान गरेको नेपाली टोलीले ३० भदौमा रवीन्द्र मण्डप हलमा आफ्नो प्रस्तुति देखाएको थियो । प्रस्तुतिलाई दर्शकले अत्यधिक मन पराएका थिए ।

यसैगरी, तेस्रो प्रस्तुतिका लागि नेपाली टोली दिल्लीबाट १ असोजमा इलाहावाद प्रस्थान गरेको थियो । प्रयाग सङ्गीत समितिका कोषाध्यक्ष आदित्य नारायणज्यूले नेपाली टोलीलाई स्वागत गर्नुभएको थियो । २ असोजमा इलाहाबादस्थित प्रयाग सङ्गीत समितिको मेहता प्रेक्षागृहमा नेपाली टोलीले सीता स्वयम्बर गीति नाटिका मञ्चन गऱ्यो । कार्यक्रमको समापन समारोहमा प्रयाग सङ्गीत समितिका पदाधिकारीले नेपाली टोलीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

नाटकलाई वरिष्ठ नृत्य निर्देशक राधेश्याम प्रधानले नृत्य निर्देशन गर्नुभएको थियो । यसको सहनिर्देशनको जिम्मेवारी नारायणीदेवी प्रधान र कृष्णभक्त महर्जनले निर्वाह गर्नुभएको थियो । सो गीति नाटिकाको मञ्च व्यवस्थापनको जिम्मेवारी उदय श्रेष्ठले सम्हाल्नुभएको थियो । सुधाकर पन्तको सङ्गीत रहेको गीति नाटिकामा प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठ स्वयंले सङ्गीत संयोजन गर्नुभएको थियो ।

मञ्चमा रामको भूमिकामा हरिभक्त महर्जन, सीताको भूमिकामा सुरसा श्रेष्ठ, लक्ष्मणको भूमिकामा सन्तोष श्रेष्ठ, राजकुमारहरूको भूमिकामा माधव प्रधान, उदय श्रेष्ठ र ध्रुव वाग्ले हुनुहुन्थ्यो । राजा जनकको भूमिकामा राधेश्याम प्रधान र जनक पत्नीको भूमिका नारायणीदेवी प्रधान रहनुभएको थियो ।

त्यसैगरी, सीताका सहेलीको भूमिकामा सूर्या कार्की र राममाया महर्जन, राजा दशरथको भूमिकामा उदय श्रेष्ठ, रानी कौशिल्याको भूमिकामा प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगर, ऋषि विश्वामित्र र पर्शुरामको भूमिकामा कृष्णभक्त महर्जन हुनुहुन्थ्यो ।

बेइजिङ (चीन) । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले चीनको बेइजिङमा विभिन्न नेपाली कार्यक्रम प्रस्तुत गरेको छ । बेइजिङ डान्स ऐकेडेमीद्वारा २२ देखि २७ अक्टोबरसम्म बेइजिङमा आयोजना गरिएको ट्रेडिसनल डान्स पर्फमेन्स शो एन्ड एक्स्चेन्ज २०१७ मा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट सहभागिता जनाउँदै विभिन्न लोकनृत्य प्रस्तुत गरिएको हो ।

प्रतिष्ठानबाट कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को नेतृत्वमा उपकुलपति शम्भुजीत बासकोटा, प्राज्ञ उन्नति बोहरा 'शीला', प्राज्ञ माधव प्रधान सहभागी हुनुहुन्थ्यो । यस्तै, नेपालबाट प्रशासन प्रमुख दीपक बोहरा, डा.घनश्याम खतिवडा, कलाकारहरू दिपेन्द्रकुमार बानियाँ, कल्पना वादी, दीपिका शर्मा, माधवप्रसाद त्रिपाठी, धनबहादुर गायक र धनबहादुर गुरूङसहित १२ जनाको सहभागिता थियो ।

चीनका विभिन्न प्रान्तका साथै विदेशबाट समेत सहभागिता रहेको सो अन्तर्राष्ट्रिय परम्परागत नृत्य महोत्सवमा प्रज्ञा प्रतिष्ठानको विविध सांस्कृतिक प्रस्तुतिले महत्वपूर्ण स्थान पाएको थियो । विभिन्न प्रदेशबाट चयन गरिएका कलाकारहरूद्वारा कार्यक्रममा नेपालमा प्रचलित परम्परागत नृत्य, गायन, तथा लोक धुनहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानका तर्फबाट विवाह परम्परा, सोरठी नृत्य र पञ्चेवाजाका लोक धुनहरू प्रस्तुत गरिएका थिए ।

प्रतिष्ठानका उपकुलपति बासकोटाले स्थानीय टेलिभिजनमा कार्यक्रमबारे प्रकाश पार्दै साक्षात्कार गर्नुभएको थियो । विभिन्न देशका लोक तथा परम्परागत संस्कृतिबारे आयोजित सेमिनारमा नेपालका तर्फबाट डा.खतिवडाले कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले नेपालका परम्परागत लोकनृत्यहरूबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा दीपेन्द्रकुमार बानियाँ, कल्पना वादी, दीपिका शर्माले सोरठी नृत्य प्रस्तुत गर्दै नेपाली लोकनृत्यलाई चिनाउने काम गर्नुभएको थियो । धनबहादुर गुरूङ, धनबहादुर गायक, माधवप्रसाद त्रिपाठीले सोरठी गीत र पञ्चेबाजाका मौलिक धुनहरू प्रस्तुत गर्दा दर्शकहरू नेपाली गीत सङ्गीतमा रमेका थिए ।

कार्यक्रमका प्रस्तुतिहरूमध्ये नेपालको प्रस्तुति मौलिक, परम्परागत र लोक प्रस्तुति भएकाले सबैभन्दा विशेष एवं उत्कृष्ट रहेको प्रतिष्ठानका कुलपति सरूभक्तले जानकारी गराउनुभयो ।

नेपाली प्रस्तुतिलाई विभिन्न देशका कलाकार तथा कार्यक्रममा सहभागीहरूले रोचकपूर्ण अवलोकन गरेको उहाँको भनाइ छ । ट्रेडिसनल डान्स पर्फमेन्स शो एन्ड एक्स्चेन्ज २०१७ मा नेपालको प्रस्तुति कार्यक्रमको निर्देशन उपकुलपति बासकोटाले गर्नुभएको

# चीनमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सांस्कृतिक प्रस्तुति



थियो । कार्यक्रमको समन्वय प्राज्ञ प्रधानले गर्नुभएको थियो । कार्यक्रम निर्देशक एवं उपकुलपति बासकोटाका अनुसार विगत लामो समयदेखि नेपाल र चीनबीच सांस्कृतिक आदान प्रदानका गतिविधि कम भइरहेकोमा यस कार्यक्रमले त्यसलाई थप निरन्तरता दिएको छ ।

सोही क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र बेइजिङ्ग डान्स एकेडेमीबीच भेटघाट कार्यक्रम पनि आयोजना गरियो । कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त, उपकुलपति बासकोटा, प्राज्ञ बोहरा, प्राज्ञ प्रधानलगायत सहभागी हुनुभएको थियो । भेटघाटमा बेइजिङ्ग डान्स एकेडेमीका तर्फबाट उपकुलपति, नृत्य निर्देशक, अन्तर्राष्ट्रिय मामिलाका निर्देशकलगायतको उपस्थिति थियो । सो भेटघाटमा आगामी दिनमा नेपाल र चीनबीच सांस्कृतिक आदान प्रदानका कार्यक्रम आयोजना गरिने दुवै प्रतिष्ठानबीच सहमति भयो । छलफलमा नेपाल र चीनबीच भएको मैत्री सम्बन्धलाई अझ गाढा बनाउन सांस्कृतिक प्रस्तुतिहरूले महत्वपूर्ण हुने र दुवै देशका प्रज्ञा प्रतिष्ठानबीच सम्बन्ध विस्तार गरिने विश्वास कुलपति सरूभक्तले व्यक्त गर्नुभएको छ ।

कार्यक्रमको अवसर पारेर नेपाली सांस्कृतिक टोलीलाई बेइजिङस्थित नेपाली दूतावासले रात्रीभोजको आयोजना गरेको थियो । चीनका लागि नेपाली राजदूत लीलामणि पौडेलले सो रात्रीभोजको आयोजना गर्नुभएको हो । कार्यक्रममा नेपालको प्रस्तुतिको प्रशंसा गर्दै भविष्यमा पनि सांस्कृतिक कार्यक्रम आयोजना गर्न पहल गरिने उहाँले बताउनुभयो । सो अवसरमा राजदूत पौडेल र नेपाली दूतावासलाई कुलपति सरूभक्तले धन्यबाद ज्ञापन गर्नुहुँदै भविष्यमा पनि प्रज्ञा प्रतिष्ठानबाट यस प्रकारका कार्यक्रम अन्तर्राष्ट्रिय क्षेत्रमा आयोजना गरिने बताउनुभयो ।

नेपाल र चीनबीच सदीयौँदेखि रहेको सांस्कृतिक सम्बन्धलाई अझै बलियो बनाउन र नेपालको संस्कृतिलाई विश्वसामु परिचित गराउन यस्तो कार्यक्रम निकै उपयोगी भएको उहाँको भनाइ थियो । यस्तै, पर्यटन प्रवर्द्धनमा समेत यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको कुलपति सरूभक्तले बताउनुभयो ।





# प्रज्ञा प्रतिष्ठानद्वारा स्रष्टा/कलाकार परिचयपत्र वितरण गरिने

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सङ्गीत तथा नाट्य विधासँग सम्बन्धित स्रष्टा तथा कलाकारलाई परिचयपत्र प्रदान गरिने भएको छ । नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृतिमा 'स्रष्टा/कलाकार परिचयपत्र वितरणसम्बन्धी कार्यविधि-२०७४' पारित भएपछि परिचयपत्र दिइएको हो । ८ मंसिर २०७४ मा प्रतिष्ठानको कार्यालयमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरी परिचयपत्रबारे जानकारी गराइयो । प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले पत्रकार भेटघाटमा सङ्गीत तथा नाट्य विधामा अथक साधनामार्फत समाज र राष्ट्रमा पुऱ्याएको अतुलनीय योगदानको कदर गर्दै यी विधासँग सम्बन्धित स्रष्टा तथा कलाकारलाई सम्मान गर्ने अभिप्रायले स्रष्टा/कलाकार परिचयपत्र वितरण गर्न लागिएको जानकारी दिनुभयो ।

स्रष्टा तथा कलाकार परिचयपत्रबारे जानकारी दिँदै उपकुलपति तथा स्रष्टा तथा कलाकार परिचयपत्र सिफारिस समितिका अध्यक्ष बासकोटाले भन्नुभयो, 'स्रष्टा/कलाकार परिचयपत्र वितरण गर्नेसम्बन्धी कार्यविधिअनुरूप गीतकार, सङ्गीतकार, लोकभाका संकलक, गायक/गायिका, सङ्गीत संयोजक, वाद्यवादक, नृत्यकार, नाटककार, निर्देशक र रङ्गकर्मीहरूलाई आफू संलग्न रहेको कुनै एक विधामा प्रतिष्ठानका तर्फबाट परिचयपत्र प्रदान गरिनेछ । यस क्षेत्रमा योगदान पुऱ्याएको आधारमा प्रतिष्ठित श्रेणी, वरिष्ठ श्रेणी, साधारण श्रेणीमा परिचयपत्र वितरण गरिनेछ ।'

स्रष्टा तथा कलाकारको योगदानको कदर हुने, उनीहरूको पहिचान गराउने र प्रज्ञा प्रतिष्ठानमा समेत कलाकारहरूको अभिलेख राख्न परिचयपत्रले सहयोग पुग्ने पनि उहाँले बताउनुभयो ।

उपकुलपति बासकोटाका अनुसार स्रष्टा/कलाकारहरूले परिचयपत्र प्राप्त गर्न दरखास्तका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरणसहित आवश्यक कागजात बुझाउनुपर्नेछ । जसमा सङ्गीत तथा नाट्य विधाको कुनै एक क्षेत्रमा गरेको योगदानका लागि प्राप्त मानसम्मान, पुरस्कार आदिको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको रङ्गीन तीन प्रति फोटो हुनुपर्छ । आफू सम्बद्ध संस्थाको सिफारिस पत्र, सम्बन्धित विधामा प्रवेश गरेको मिति खुल्ने प्रमाणपत्र, आफ्ना प्रकाशित कृतिको नाम, आफूले लिन चाहेको विधासँग सम्बन्धित कागजात पेस गर्नुपर्ने उहाँले जानकारी गराउनुभयो ।

पत्रकार भेटघाट कार्यक्रममा वरिष्ठ गीतकार रत्नशमशेर थापाले स्रष्टा/कलाकारलाई परिचयपत्र वितरण गरिनु राम्रो विषय भएको भनाइ राख्नुभयो । उहाँले परिचयपत्रले कलाकारलाई सम्मानित भएको महसुस हुन्छ, भन्नुभयो ।

सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू माधव प्रधान, उदय श्रेष्ठ, प्राज्ञ राम धामी र वरिष्ठ लोकगायक नारायण रायमाझी, वरिष्ठ सङ्गीतकार नारायण वली, वरिष्ठ सङ्गीतकार लक्ष्मण शेषलगायत गीत-सङ्गीतसँग विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले निकट भविष्यमा सोसम्बन्धी सार्वजनिक सूचना जारी गरी दरखास्त आह्वान गर्नेछ । प्रज्ञा प्रतिष्ठानले प्रतिष्ठित श्रेणीको परिचयपत्र विशेष समारोहमा प्रदान गर्नेछ र अन्यको हकमा उपयुक्त समयमा प्रदान गरिने जनाएको छ । स्रष्टा तथा कलाकार परिचयपत्र वितरणका लागि विभिन्न विधाका सिफारिस उपसमितिहरूसमेत गठन भइसकेका छन् । सङ्गीत, नाटक, गीत, वादन, गायन, नृत्य, अभिनय, रङ्गकर्मका माध्यमबाट राष्ट्रमा पुऱ्याएको योगदानको कदरस्वरूप र स्रष्टा तथा कलाकारहरूको अभिलेख राख्ने उद्देश्यले परिचयपत्र वितरण गर्न लागिएको हो ।

# नृत्यको सैद्धान्तिक स्वरूपबारे कार्यशाला गोष्ठी

काठमाडौं । नेपाली नृत्यकलाको सैद्धान्तिक पक्षबारे काठमाडौंमा वहस गरिएको छ । नेपाल सङ्गीत तथा नाटय प्रज्ञा प्रतिष्ठान, नृत्य विभागले ३० मंसिर २०७४ मा आयोजना गरेको 'नेपाली नृत्यकलाको सैद्धान्तिक स्वरूप' बारे कार्यक्रममा सैद्धान्तिक पक्षको बहस भएको हो ।

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा सम्पन्न कार्यक्रममा प्रा.डा. मोतीलाल पराजुलीले नेपाली नृत्यकलाको सैद्धान्तिक पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रतिष्ठानका नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको सभापतित्वमा सपन्न कार्यशालामा पराजुलीले 'प्रदर्शनकारी कला नृत्यको सैद्धान्तिक स्वरूप' विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको हो ।

उहाँले नेपालका विभिन्न नृत्यहरूको अवस्था, त्यसको विकासक्रम, सैद्धान्तिक पक्ष एवं आधारहरूको चर्चा कार्यपत्रमार्फत गर्नुभयो । पराजुलीले नेपाली लोकनृत्यहरूमा सैद्धान्तिक आधारहरू रहेकाले यसबारे अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँको कार्यपत्रमाथि नृत्यसम्बन्धी विज्ञ हनी श्रेष्ठले टिप्पणी गर्नुभएको थियो । निकै मेहनत गरेर तयार गरिएको कार्यपत्रमा नेपाली नृत्यको सिद्धान्तबारे धेरै कुरा समेटिएको उहाँले बताउनुभयो । कार्यपत्रमा छुटेका कुरा पनि उहाँले टिप्पणीका क्रममा उठाउनु भएको थियो । कार्यशालामा सांस्कृतिक संस्थान, साधना कला केन्द्र, त्रिकाल आर्ट सेन्टर, मधुरिमा नेपाल, सांस्कृतिक अध्ययन मञ्च, आस्था कला केन्द्र, जनसांस्कृतिक महासंघ, जनसांस्कृतिक महासंघ नेपाललगायत विश्वविद्यालय तथा नृत्यसम्बन्धी अध्यापन हुने विद्यालयहरूबाट नृत्य विषयका शिक्षक एवं विद्यार्थीहरू सहभागी भएका थिए ।

एकदिवसीय कार्यशालामा भैरवकाली नृत्य, मञ्जुश्री नृत्यसहित केही लोकनृत्य प्रस्तुत गरिएको थियो ।

नृत्य निर्देशक भुवन श्रेष्ठ, साधना कला केन्द्रका प्रमुख मिलन मोक्तान, संस्कृतिविद् प्रदीप बमजन, नृत्यकार रामजी थापाले गोष्ठीको महत्व र नृत्यमा सैद्धान्तिक स्वरूपबारे आफ्नो भनाइ राख्नुभएको थियो ।

कार्यक्रममा प्राज्ञ नारायणदेवी प्रधानले गोष्ठी निकै सफल भएको भन्दै सहभागी तथा सहयोगीलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । नृत्य निर्देशक र नृत्य कलाकारहरूको उल्लेख्य उपस्थितिमा सम्पन्न कार्यशालालाई जगदीश सापकोटाले सञ्चालन गर्नुभएको थियो ।



# उराँव समुदायको प्रदर्शनीकलाबारे नाट्य विमर्श






इनरूवा (सुनसरी) । सुनसरीको इनरूवामा रहेका उराँव भाषाभाषीको प्रदर्शनकारी लोककला तथा संस्कृतिका विभिन्न पक्षहरूमाथि नाट्य-विमर्श गरिएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना तथा सो प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाको संयोजकत्वमा १६ पुस २०७४ मा विमर्श आयोजना गरिएको हो ।

यो नाट्य विमर्शमा उराँवभाषीहरूको प्रदर्शनकारी कलाबारे उराँव भाषाविद् रामलाल उराँवले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले कार्यपत्रको माध्यमबाट उराँव समुदायको लोकसंस्कृति, उनीहरूको प्रदर्शनकारी कला एवं लोकाचारहरूका विभिन्न पक्षमाथिबारे विस्तृत जानकारी गराउनु भएको थियो । कार्यपत्रमाथि विभिन्न विज्ञहरूले टिप्पणी गर्दै उराँव समुदायका लोकव्यवहारमाथि आफ्ना भनाइ राख्नुभएको थियो ।

> कार्यक्रममा कार्यपत्रमाथि टिप्पणी राख्दै अल्पसंख्यक तथा लोपोन्मुख उराँव समुदायको भाषा र संस्कृतिलाई संरक्षण गर्न अन्य भाषाभाषीका साथ सहकार्य गर्दै अगाडि बढ्नेबारे विभिन्न वक्ताहरुले आफ्नो भनाइ राख्नुभयो ।




विभिन्न उराँव कलाकारहरूले उराँव लोकसंस्कृतिका केही आकर्षक झाँकीहरूसँगै आफ्ना मौलिक गीत सङ्गीत, नृत्य प्रस्तुत गर्नुभएको थियो । इना उराँवको नेतृत्वमा यस समुदायका महिला तथा पुरूषहरूले कर्मा जस्तो महत्वपूर्ण पर्वमा गरिने नृत्य प्रस्तुत गर्नुभएको थियो ।

छलफलकै क्रममा उराँव समुदाहमा लेख्य नाट्य प्रस्तुतिको अभाव रहेको वक्ताहरूले बताउनुभयो । तथापि हाल यस दिशामा केही नयाँ प्रतिभाले काम गरिरहेको ममता उराँवले जानकारी गराउनुभयो । नाट्य विमर्श कार्यक्रममा उराँव भाषाका साथ सामीप्यता राख्ने मैथिलीभाषा, थारू भाषा र नेपाली भाषाका विद्वान् सामाजिक अभियन्ताहरूको पनि उल्लेख्य सहभागिता थियो ।

प्रतिष्ठानको प्राज्ञ सभा सदस्य राम धामीले त्यस क्षेत्रका उराँव समुदाय र उनीहरूको भाषा साहित्य एवं प्रदर्शनकारी कलाकारबारे थप प्रकाश पार्नुभएको थियो । यस्तै, मैथिली भाषाका लेखक तथा सामाजिक अभियान्ता प्रवीणनारायण चौधरी, रङ्कर्मी लेखक तथा निर्देशक रामभजन कामत, रङ्कर्मी लेखक तथा निर्देशक प्रकाश प्रेमी, संस्कृतिकर्मी धीरज बर्मा, सञ्जय मेहताका साथ अरू थुप्रै संस्थाका पदाधिकारीलेहरूले कार्यक्रममा भाग लिनुभएको थियो ।

कार्यक्रममा कार्यपत्रमाथि टिप्पणी राख्दै अल्पसंख्यक तथा लोपोन्मुख उराँव समुदायको भाषा र संस्कृतिलाई संरक्षण गर्न अन्य भाषाभाषीका साथ सहकार्य गर्दै अगाडि बढ्नेबारे विभिन्न वक्ताहरूले आफ्नो भनाइ राख्नुभयो । नेपाल उराँव आदिवासी जनजाती प्रतिष्ठानका पूर्वअध्यक्ष वासुदेव उराँवले आफ्नो समुदायको भाषा, साहित्य, नाट्यकला प्रदर्शनी कलाबारे प्रकाश पार्नुभएको थियो ।

यस्तै, विष्णु उराँव, राजकुमार उराँव, नुनुलाल उराँव, ममता उराँव, इना उराँवसहित दर्जनौं उराँव भाषा-संस्कृतिका जगेर्नामा लागेका व्यक्तित्वहरूले पनि कार्यक्रममा उराँव भाषामाथि आफ्ना विचार व्यक्त गर्नुभयो । यस्तै, सिनेकर्मी प्रकाश अनुरागीले उराँव संस्कृतिलाई जोगाउन आफूहरूले सधैं सहकार्य गर्दै आइरहेको र भविष्यमा पनि गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा प्राज्ञ रमेशरञ्जन झाले उराँव लोकसंस्कृतिमा जन्मदेखि मृत्युसम्म गीत र सङ्गीतको उपयोगलाई आफूले अनौठो रूपमा लिएको बताउनु भयो । उहाँले यो कार्यक्रमले उराँव समुदायसँग नाटकीय प्रस्तुतिका लागि पनि अगाडि आउन बाटो देखाएको छ, भन्नुभयो । उहाँले नाटक नै कला संस्कृतिका साथ इतिहास र ऐतिहासिकतालाई जोगाउन सहज बाटो हो भन्दै उराँव समुदायका सबै सर्जकलाई सुझाव दिनुभयो ।




# धादिङबेसीमा भव्य आधुनिक गायन प्रस्तुति

धादिङ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा धादिङमा एक दिवसीय आधुनिक गायन प्रस्तुति-२०७४ आयोजना गरिएको छ । प्रतिष्ठानको सङ्गीत विभागको आयोजनामा गत २४ माघ २०७४ मा निलकण्ठ नगरपालिका, धादिङबेसीमा कार्यक्रम आयोजना गरिएको हो ।

नेपाली आधुनिक गीत, सङ्गीत र स्थानीय लोक संस्कृतिको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन एवं सर्वाङ्गीण विकास गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक तथा प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा 'शीला'ले बताउनुभयो ।

नेपालका सुप्रसिद्ध सङ्गीतकार तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका, उपकुलपति शम्भुजीत बासकोटाको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । धादिङका प्रमुख जिल्ला अधिकारी विशिष्ट अतिथि रहनु भएको सो कार्यक्रमलाई सम्बोधन गर्दै उपकुलपति बासकोटाले नेपाल गीत सङ्गीत, नाटक एवं नृत्यको विकास र संरक्षणका लागि प्रतिष्ठानले, अनुसन्धान तथा प्रस्तुतिसम्बन्धी विविध कार्यक्रम गर्दै आएको जानकारी दिनुभयो । यस्तै, धादिङका स्थानीय कलाकार र राष्ट्रिय कलाकारलाई एकै मञ्चमा उतारेर साङ्गीतिक प्रस्तुत दिँदै आधुनिक गीत सङ्गीतको विस्तारको यो कार्यक्रम गरिएको उहाँले बताउनु भयो ।

कार्यक्रममा अतिथिहरू प्रमुख जिल्ला अधिकारीसहित, प्रहरी उपरीक्षक, विभिन्न स्कुलका प्रधानाध्यापकहरू, प्रिन्सिपलहरू, विभिन्न सञ्चारमाध्यमका पत्रकारहरू, सरकारी, गैरसरकारी कार्यालयका उच्चपदस्थ अधिकारीहरू हुनुहुन्थ्यो । कार्यक्रममा सरकारी, निजी स्कुल, क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू र हजारको संख्यामा स्थानीयवासीहरूको उल्लासमय उपस्थिति रहेको थियो ।

साङ्गीतिक कार्यक्रममा नेपालका राष्ट्रिय कलाकारहरू सञ्जय तुम्रुक र बानिका प्रधानको शान्ति तिमी फर्की आऊलगायतको गीत प्रस्तुति उत्कृष्ट थियो । यी दुई कलाकारसहित विश्व नेपाली, सुरेश लामा, टीका प्रसाई, निशा देशारले पनि आफ्ना चर्चित एक दर्जनभन्दा बढी गीतहरू प्रस्तुत गर्नुभएको थियो ।

साङ्गीतिक कार्यक्रममा सङ्गीत संयोजक मनोहर सुनामको समूहले प्रत्यक्ष सङ्गीत प्रस्तुत गरेको थियो । सुनामले विभिन्न साङ्गीतिक धुन पनि प्रस्तुत गर्नुभएको थियो ।

प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा 'शीला'ले कार्यक्रममा सबैलाई धन्यवाद दिँदै कलाकारहरूको बेजोड प्रस्तुतिले कार्यक्रम निकै उत्कृष्ट र सफल भएको बताउनुभयो ।






# भव्य भयो लोपोन्मुख आदिवासी सांस्कृतिक मेला-२०७४



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा २७ माघमा झापाको बिर्तामोडमा लोपोन्मुख आदिवासी सांस्कृतिक मेला २०७४ भव्यताका साथ सम्पन्न भएको छ ।

नेपाली कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने लक्ष्यका साथ भएको कार्यक्रममा झापा तथा आसपासका विभिन्न आठ लोपोन्मुख आदिवासी समुदायले आ-आफ्नो परम्परागत नृत्य प्रस्तुत गरेका थिए ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार सिवाकोटीको प्रमुख आतिथ्यता सम्पन्न महोत्सवमा साहित्यकार गायक तथा सङ्गीतकार एवं वरिष्ठ पत्रकार चन्द्र भण्डारी विशेष आतिथि हुनुहुन्थ्यो । मेलामा सहभागीलाई सम्बोधन गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सदस्य कोमल निरौलाले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कन्काई एजुकेसन फाउन्डेसनमा भएको मेलामा माझी जातिले आफ्नो  रङ्पचाली नाच प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले कार्यक्रममा यो नाचको बारेमा जानकारीसमेत गराउनु भएको थियो ।

यस्तै, सन्थाल जातिले सो मेलामा प्रस्तुत गरेको सुहाई नाच पनि त्यत्तिकै आकर्षक थियो । सन्थालको यो सांस्कृतिक नाच अरू समुदायका लागि पनि आकर्षक बनेको थियो ।

आदिवासी समुदाय किसान जातिको दन्ता डरिया नाच पनि त्यत्तिकै आकर्षक थियो । दन्ता डरियाको महत्त्वबारे प्रकाश पार्दै सो नाच प्रस्तुत गरिएको थियो ।

मेलामा उराँव जातिद्वारा ढोरिया नाच प्रस्तुत गरिएको थियो । लोपोन्मुख जातिको नाचमध्ये मेलामा प्रस्तुत भएको यो नाच पनि त्यत्तिकै




# भव्य भयो लोपोन्मुख आदिवासी सांस्कृतिक मेला-२०७४



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा २७ माघमा झापाको बिर्तामोडमा लोपोन्मुख आदिवासी सांस्कृतिक मेला २०७४ भव्यताका साथ सम्पन्न भएको छ ।

नेपाली कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने लक्ष्यका साथ भएको कार्यक्रममा झापा तथा आसपासका विभिन्न आठ लोपोन्मुख आदिवासी समुदायले आ-आफ्नो परम्परागत नृत्य प्रस्तुत गरेका थिए ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार सिवाकोटीको प्रमुख आतिथ्यता सम्पन्न महोत्सवमा साहित्यकार गायक तथा सङ्गीतकार एवं वरिष्ठ पत्रकार चन्द्र भण्डारी विशेष आतिथि हुनुहुन्थ्यो । मेलामा सहभागीलाई सम्बोधन गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सदस्य कोमल निरौलाले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कन्काई एजुकेसन फाउन्डेसनमा भएको मेलामा माझी जातिले आफ्नो रङ्पचाली नाच प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले कार्यक्रममा यो नाचको बारेमा जानकारीसमेत गराउनु भएको थियो ।

यस्तै, सन्थाल जातिले सो मेलामा प्रस्तुत गरेको सुह्राई नाच पनि त्यतिकै आकर्षक थियो । सन्थालको यो सांस्कृतिक नाच अरू समुदायका लागि पनि आकर्षक बनेको थियो ।

आदिवासी समुदाय किसान जातिको दन्ता झरिया नाच पनि त्यतिकै आकर्षक थियो । दन्ता झरियाको महत्वबारे प्रकाश पार्दै सो नाच प्रस्तुत गरिएको थियो ।

मेलामा उराँव जातिद्वारा झोरिया नाच प्रस्तुत गरिएको थियो । लोपोन्मुख जातिको नाचमध्ये मेलामा प्रस्तुत भएको यो नाच पनि त्यतिकै

...इलो थियो । मेलामा धिमाल जातिद्वारा ... बजाइसु ओ नेलाई नाच प्रस्तुत गरियो । धिमाल कलाकारले सो नाचको महत्वबारे जानकारी गराउनु भएको थियो ।

यस्तै, लोपोन्मुख नाचमा खडिया जातिको दसेरा करम नाच पनि पर्दछ । खडिया जातिका कलाकारले यो नृत्य आकर्षक ढंगले प्रस्तुत गरेका थिए ।

यस्तै, मुन्डा जातिद्वारा आफ्नो लोपोन्मुख नाच झुमेर नार सो मेलामा प्रस्तुत गरिएको थियो । मेचे जातिका कलाकारले प्रस्तुत गरेको नाचले पनि मेलाको आकर्षक बढाएको थियो । मेचे कलाकारहरूद्वारा बैसागु रूम्जा नैनी नाच प्रस्तुत गरिएको थियो ।

प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले मेलाबारे प्रकाश पार्दै कार्यक्रममा भन्नुभयो, 'विभिन्न लोपोन्मुख जातिको भाषा, धर्म, कला, सस्कृतिको संरक्षण गर्न आवश्यक महसुस गर्दै कार्यक्रमको आयोजना गरेका हौं । कला संस्कार भाषा बाँचे मात्र जाति बाँच्ने र पहिचान कायम रहने भएकाले हामीले हाम्रो कला संस्कृति बचाउन अत्यन्त आवश्यक छ ।' उहाँले आगामी दिनमा पनि यस्ता कार्यक्रम जारी राख्ने प्रतिबद्वता जनाउनुभयो ।

प्रतिष्ठानको प्रज्ञा सदस्य नृत्य विभाग प्रमुख माधव प्रधानले विभिन्न आदिवासी जनजाति समुदायका आ-आफ्नो लोकनृत्यहरू भएको भनाइ राख्नुभयो । यस्ता नृत्यलाई प्रोत्साहन गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रेरणा मिलोस् भनेर मेला नै आयोजना गरिएको बताउनुभयो ।

यस्तै, प्रतिष्ठानका प्रज्ञा सभा सदस्य राम धामीले कार्यक्रमको औचित्यमाथि थप प्रकाश पार्नुभएको थियो । कार्यक्रममा विभिन्न व्यक्तिहरू सम्मानित हुनुभएको थियो । बिर्तामोड नगरपालिकालाई प्रतिष्ठानले कदरपत्रसहित सम्मान गरेको थियो । नगर प्रमुख सिवाकोटीलाई सदस्य सचिव रसिकले सम्मान प्रदान गर्नुभयो ।

यस्तै, कार्यक्रममा विभिन्न कार्यालयमा रहँदा कला संस्कृतिको क्षेत्रमा योगदान गर्ने बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडा, समाजमा युवाहरूको तर्फबाट सेवा गर्ने तथा कला संस्कृतिको क्षेत्रमा सक्रिय एवं कार्यक्रमको स्थानीय संयोजक अनिता कन्दाङवालाई सम्मान गरियो ।

पत्रकारितामार्फत कला संस्कृतिको क्षेत्रमा सक्रिय रहेको भन्दै कार्यक्रम उद्घोषणसमेत गर्नुभएका राजकुमार दाहाल अभिलाषीलाई पनि कदरपत्र प्रदान गरियो । कार्यक्रमको सहयोगी संस्थाहरू कन्काई एजुकेसन फाउन्डेसन बिर्तामोड तथा क्रिएटिभ नेप्लिज युथ बिर्तामोड झापालाई कदरपत्र प्रदान गरिएको थियो । मेलामा लोपोन्मुख नृत्य प्रस्तुत गर्ने आठवटै आदिवासी समुदायलाई पनि सम्मान प्रदान गरिएको थियो ।

यस्तै, बिर्तामोड नगरपालिकाका प्रमुख सिवाकोटीले प्रतिष्ठानले यस्तो कार्यक्रम बिर्तामोडमा गरेकोमा धन्यवाद दिँदै आगामी दिनमा पनि कार्यक्रम गर्न आग्रह गर्नुभयो । नगरले पनि यस्ता कार्यक्रममा सधैं सहयोग गर्ने उहाँले बताउनु भयो ।

कार्यक्रममा सहभागीहरूले आ-आफ्नो जातीय नाच देखाउने अवसर पाएकोमा खुसी व्यक्त गर्दै यस्ता अवसर आगामी दिनमा पनि पाउनुपर्ने माग गरेका थिए । भाषा धर्म संस्कार संस्कृतिको रक्षा गर्न आदिवासी सांस्कृतिक मेलाले सहयोग गरेको सहभागीले बताएका थिए ।

हजारौंको सहभागितामा सम्पन्न मेलामा कन्काई एजुकेसन फाउन्डेसनका प्रधानाध्यापक पेम्बा लामा, क्रिएटिभ नेप्लिज युथका अध्यक्ष टीकाराम धमलालगायतको समेत सहभागिता थियो ।



सिर्जनात्मक नाटक लेखन प्रशिक्षण-२०७४

# उदाए १३ जना नाटक लेखक

काठमाडौं । नेपाली नाटक लेखनको क्रम घटिरहेका बेला नाटक लेखनमा नयाँ पुस्तालाई आकर्षित गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले 'सिर्जनात्मक नाटक लेखन प्रशिक्षण-२०७४' आयोजना गरेको छ ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा रङ्गमञ्च विभाग प्रमुख पुष्करबहादुर गुरूङको संयोजकत्वमा प्रशिक्षण सम्पन्न भएको थियो । प्रशिक्षण कार्यक्रम ३-९ फागुन २०७४ सम्म काठमाडौंको जमलस्थित सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) को प्रेक्षालयमाम आयोजना गरिएको थियो ।

प्रत्येक बिहान ११ देखि साँझ ४ बजेसम्म सञ्चालन गरिएको प्रशिक्षणमा सृजानात्मक नाटक लेखनको विधिहरू सिकाइएको थियो ।

सर्वनाम थिएटरका अध्यक्ष एवं अग्रज नाट्यकर्मी अशेष मल्ल प्रशिक्षणको प्रमुख प्रशिक्षक हुनुहुन्थ्यो । यस्तै, अग्रज नाट्यकर्मी वीरेन्द्र हमाल र नाट्यकर्मी प्रवीण पुमाले विद्यार्थीलाई प्रशिक्षण दिनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्रशासन प्रमुख दिपक बोहराको व्यवस्थापनमा सम्पन्न प्रशिक्षणमा विभिन्न जिल्लाका १३ जना प्रशिक्षार्थी सहभागी हुनुहुन्थ्यो ।

जसमा बेलायतकी जानुका राई, इलामबाट विष्णु नेम्वाङ, धनकुटाबाट सरोज कुटवाल, भोजपुरबाट मन्दिरा राई, रामेछापबाट पवित्रा खड्का, दोलखाबाट श्रुति तामाङ, काठमाडौंकी लक्ष्मी गिरी, मञ्जु गिरी, पियुष कुँवर, अतृत स्वाँर, लेमन बोहरा, मनाङबाट पेमा ग्याम्चो र डडेलधुराबाट दीपक बोहरा हुनुहुन्थ्यो । हरेक दिन नयाँ नयाँ विषयमा प्रशिक्षण दिएर कार्यक्रम सम्पन्न गरियो ।

## सिर्जनात्मक नाटक लेखन प्रशिक्षण उद्घाटन



काठमाडौं । ३ फागुन २०७४ बिहान जमलस्थित सांस्कृतिक संस्थानमा सिर्जनात्मक नाटक लेखन प्रशिक्षण-२०७४को विधिवत् उद्घाटन गरियो । कार्यक्रमका प्रमुख अतिथि तथा प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

प्राज्ञ झाले नाटक लेखन प्रशिक्षणले नेपाली नाटकारहरूको नाटक लेखनमा क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले यस्ता क्षमता अभिवृद्धिका कार्यक्रम निरन्तर गरिनुपर्नेमा जोड दिनुभयो ।

उद्घाटनमा समारोहका सभापति एवं प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख पुष्करबहादुर गुरूङले स्वागत मन्तव्य राख्दै नेपाली नाटकमा मौलिकता हराउँदै गएकोमा चिन्ता व्यक्त गर्नुभएको थियो । सशक्त नाटक लेखन जन्माउन कार्यशाला आयोजना गरेको उहाँले प्रकाश पार्नुभयो ।

कार्यक्रमका विशेष अतिथि एवं अग्रज नाट्यकर्मी अशेष मल्लले नेपाली नाट्य लेखनमा संकट आएको बताउनुभयो । तर सो संकटबाट बच्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले नि:शुल्क नाट्य लेखन प्रशिक्षण आयोजना गरेर आफूजस्ता थुप्रै नाट्यकर्मी जन्माउन लागेको भन्दै खुसी व्यक्त गर्नुभयो ।

अर्का अतिथि सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले नेपाली लेखकहरूलाई सिर्जनात्मक नाटक लेखन प्रशिक्षण गराएर प्रतिष्ठानले उत्कृष्ट कार्य गरेको बताउनुभयो । यस्ता प्रशिक्षणबाट सिर्जना भएका उत्कृष्ट नाटकहरूलाई सांस्कृतिक संस्थानले मञ्चन गर्ने उहाँले प्रतिबद्धता जनाउनु भयो ।

सुम्निमा थिएटर एकेडेमीका अध्यक्ष एवं प्रशिक्षणका सहजकर्ता प्रवीण पुमाले सिर्जनात्मक नाटक लेखन प्रशिक्षण-२०७४ बारे प्रकाश पार्दै प्रशिक्षणको उद्देश्य सिर्जनात्मक नाटक लेखन नै भएको बताउनुभयो । नेपाली नाट्यकलालाई विश्वमा पुर्‍याउन प्रशिक्षण आयोजना गरिएको उहाँको भनाइ थियो ।




## पहिलो दिन अभिनय प्रशिक्षण

३ फागुन २०७४ बाट सुरू भएको कार्यक्रममा पहिलो दिन प्रमुख प्रशिक्षक नाट्यविद् प्राज्ञ अशेष मल्लको नेतृत्वमा नाट्यकर्मी वीरेन्द्र हमाल र प्रवीण पुमाले प्रशिक्षार्थीहरूलाई नाटकको परिचयसम्बन्धी प्रशिक्षण दिनुभयो । सो प्रशिक्षणपछि सम्पूर्ण प्रशिक्षार्थीहरूलाई तीन समूह बनाएर सामूहिक अभिनय गराइएको थियो । तीन घन्टासम्म चलेको प्रशिक्षणबाट विद्यार्थीहरूलाई नाटक लेखक बन्न अभिनयको पनि जानकारी हुनुपर्छ भन्नेबारे ज्ञात गराइएको थियो ।




## दोस्रो दिन कथा सृजना प्रशिक्षण

प्रशिक्षणको दोस्रो दिन ४ फागुनमा नाट्यविद् अशेष मल्ल, नाट्यकर्मी वीरेन्द्र हमाल र प्रवीण पुमाले प्रशिक्षार्थीहरूलाई स्वेछिक विषयमा कथाको सिर्जना गर्ने तरिका सिकाउनुभयो । त्यसपछि सम्पूर्ण प्रशिक्षार्थीहरूलाई एक मिनेटको नाटक लेखाइएको थियो । लेखिएका प्रत्येक नाटकलाई सम्बन्धित विद्यार्थी आफैँले मञ्चन गरेका थिए ।

## तेस्रो दिन नाट्य संरचनाबारे ज्ञान

प्रशिक्षणको तेस्रो दिन ५ फागुनमा करिब ६ घन्टा चलेको प्रशिक्षणमा विद्यार्थीहरूलाई अशेष मल्ल र वीरेन्द्र हमालद्वारा आधारभुत सैद्धान्तिक नाट्य संरचनाबारे सिकाइएको थियो । सो प्रशिक्षणपछि प्रशिक्षक प्रवीण पुमाले नाटक लेखनको विधिबारे प्रशिक्षण गराउनुभयो । प्रशिक्षणबाट प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक नाटक लेखनमा सहयोग पुग्ने विश्वास गरिएको छ । यसरी नाटकको सैद्धान्तिक पक्षको जानकारी गराइएपछि सोही विद्यार्थीहरूले दुई मिनेटको नाटक लेखेका थिए ।

## पाँचौ दिन घटना विकासबारे प्रशिक्षण

प्रशिक्षणको चौथो दिन विद्यार्थीहरूलाई घरमै अभ्यास गर्न गृहकार्यसहित बिदा दिइयो । पाँचौ दिन ७ फागुनमा नाट्यविद् अशेष मल्लले नाटकको घटना र यसको सृजनाबारे जानकारी गराउनुभयो । त्यसपछि वीरेन्द्र हमाल र प्रवीण पुमाले सिर्जनात्मक नाटकको घटना विकासबारे थप प्रशिक्षण दिनुभएको थियो । सोही क्रममा नाटकलाई इम्प्रपोभाइजेसन कसरी गर्ने, किन गर्नेबारे प्रकाश पार्दै प्राविधिक नाट्यविधिहरूसहित मल्लले इम्प्रोभाइजेसनको महत्व र विधिलाई प्रस्ट्याउनु भयो । नाट्ययकर्मी हमालले नाटकको इम्प्रोभाइजेसनमा व्यावहारिक ज्ञानसम्बन्धी प्रशिक्षण दिनुभयो ।

## छैटौं दिन नाटक लेखन अभ्यास

प्रशिक्षणको छैटौं दिन ८ फागुनमा प्रमुख प्रशिक्षक नाट्यविद् मल्लले नाटक लेखनका विभिन्न कला सिकाउनुभयो । त्यसबारे प्रशिक्षक वीरेन्द्र हमाल र प्रवीण पुमाबाट थप जानकारी दिइएको थियो । त्यसपछि प्रशिक्षार्थीहरूले पाँच मिनेटको नाटक लेखे । प्रशिक्षकहरूको प्रत्यक्ष निगरानीमा प्रशिक्षार्थीहरूले नाटक लेखेका थिए ।

## सातौं दिन निरन्तर नाटक लेखन

प्रशिक्षणको सातौँ दिन ९ फागुन बिहान ११ बजेबाट चार घन्टासम्म सिर्जनात्मक नाटक लेखनलाई निरन्तरता दिइयो । प्रशिक्षण अवधिमा लेखिएका नाटकलाई यस क्रममा विद्यार्थीले पूर्णता दिए । नाट्यविद् मल्ल र नाट्यकर्मी पुमाले नाटक लेखनका समस्या र समाधानबारे थप प्रकाश पार्नुभएको थियो ।

## प्रमाणपत्र प्रदान गर्दै प्रशिक्षण सम्पन्न

सप्ताहव्यापी सृजनात्मक नाटक लेखन प्रशिक्षण



९ फागुनमा सम्पन्न भएको थियो । प्रशिक्षार्थीहरूलाई प्रशिक्षणसम्बन्धी प्रमाणपत्र प्रदान गर्दै कार्यक्रम सम्पन्न भएको थियो । समापन कार्यक्रममा स्वागत मन्तव्य राख्दै प्रतिष्ठानको रङ्गमञ्च विभाग प्रमुख रमेशरञ्जन झाले नाटक प्रशिक्षण अत्यन्तै सफल भएको बताउनुभयो ।

समापन समारोहको प्रमुख अतिथि तथा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा हुनुहुन्थ्यो । बासकोटाले सफल रूपमा सम्पन्न नाटक लेखन प्रशिक्षणबाट नयाँ नाटक लेखकको नाट्य लेखनमा क्षमता अभिवृद्धि भएको विश्वास व्यक्त गर्नुभयो । उहाँले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्छ भन्नुभयो ।

प्रमुख प्रशिक्षक एवं नाट्यविद् प्राज्ञ अशेष मल्लले नेपाली नाट्य लेखन वर्तमानमा संकट आएको बेला सिर्जनात्मक नाटक लेखन प्रशिक्षणले आफू जस्ता थुप्रै नाट्यकर्मी जन्माएको जिकिर गर्नुभयो । आगामी दिनमा पनि प्रतिष्ठानले चाहेमा आफूले निःशुल्क नाट्य लेखन प्रशिक्षण दिने उहाँले बताउनुभयो ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले नाटक लेखन प्रशिक्षण फलदायी रहेका बताउँदै प्रशिक्षणबाट सिर्जना भएका उत्कृष्ट नाटकहरूलाई सांस्कृतिक संस्थानले मञ्चन गर्ने प्रतिबद्धता जनाउनु भयो ।


समापन समारोहमा उपकुलपति बासकोटाले विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा सम्पूर्ण प्रशिक्षार्थीले प्रशिक्षकहरूलाई ढाकाटोपी लगाएर सम्मान गरेका थिए ।

सम्मानपछि विद्यार्थीका तर्फबाट जानुका राईले प्रशिक्षक र आयोजकलाई धन्यवाद ज्ञापन गर्नु भयो । कार्यक्रममा विद्यार्थीहरूद्वारा प्रशिक्षणको उपलब्धि र सिकाइबारे प्रतिवेदन प्रस्तुत गरिएको थियो । सो क्रममा विद्यार्थीहरूले तीन महिनाभित्र नयाँ नाटक लेखेर प्रतिष्ठानलाई बुझाउने प्रतिबद्धता जनाए । समापन समारोहका सभापति एवं कार्यक्रम संयोजक प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले नाटक लेखन प्रशिक्षण सोचेभन्दा सफल भएको बताउँदै सहयोगी सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



## राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४

# महिलाको मात्र नौ एकल नाटक मञ्चन






विराटनगर । प्रदेश १ को राजधानी विराटनगरमा २२ फागुनबाट तीन दिनसम्म 'राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४' आयोजना गरियो । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिलाहरूलाई नाटकमा अझ सक्रिय तुल्याउन उनीहरूको एकल नाट्य प्रस्तुतिका लागि आरोहण गुरूकुल विराटनगरमा यो नाटक उत्सव गरिएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) ले आरोहण गुरूकुल विराटनगरको सहकार्यमा यो उत्सव आयोजना गरेको हो ।

तीन दिनसम्म भएको नाटक उत्सवको २२ फागुन २०७४ मा प्रदेश १ सरकारका आन्तरिक मामिलामन्त्री हिक्मत कार्कीले उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री कार्कीले यस्ता महोत्सवले नाटक क्षेत्रमा महिलालाई आफ्ना विभिन्न समस्यालाई मञ्चमा प्रस्तुत गर्दै अघि आउन सहयोग पुग्ने बताउँदै भन्नुभयो, 'सांस्कृतिक विविधतायुक्त प्रदेश १ मा यस प्रकारको महिलाहरूको मात्र सहभागिता रहेको राष्ट्रिय नाट्य उत्सव आयोजना हुनुले यहाँको रङ्गमञ्चमा विशेष योगदान पुग्ने छ ।' मन्त्री कार्कीले प्रदेश १ लाई भ्रष्टाचारमुक्त प्रदेश निर्माण गर्दै यहाँ कला र संस्कृतिको विकासमा पनि म त्यत्तिकै लागि पर्ने बताउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं अग्रज नाट्यकर्मी रमेशरञ्जन झाले महिलाहरूले पनि अब नाटकमा नेतृत्व लिनुपर्छ भनेर महिलाहरूकै लागि लक्षित गरेर प्रतिष्ठानले नाटक उत्सव गरेको बताउन भयो ।

महोत्सवमा विभिन्न स्थानबाट महिलाहरूले सहभागिता जनाएर उत्कृष्ट नाटक प्रस्तुत गर्दा आफूलाई खुसी लागेको उहाँको कथन थियो ।

संस्थानका अध्यक्ष उद्योग राईको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले सबैलाई स्वागत गर्दै आफूले सोचेको भन्दा उत्सव भव्य भएको बताउनुभयो । उहाँले राम्रा नाटकहरू प्राप्त भएको भन्दै उत्सवको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । सो उत्सवको उद्घाटन सत्रमा प्रदेश १ सरकारका सामाजिक विकासमन्त्री जीवन घिमिरे, प्रदेश सभा सदस्यहरू यशोदा अधिकारी, सावित्रा रेग्मीले पनि आफ्ना भनाइ राख्नुभएको थियो ।

उत्सवको पहिलो दिन तीनवटा नाटक मञ्चन गरियो । नाट्यकर्मी प्रियंका झाले मैथिली भाषामा नाटक कथा नई भेटललाई उद्घाटन सत्रमा मञ्चन गर्नुभएको थियो ।

कार्यक्रमको अथितिमा प्रा.डा.टंक निरौला, समाजसेवी दीर्घराज रेग्मीलगायत हुनुहुन्थ्यो । कार्यक्रममा स्थानीय सह-आयोजक संस्था दहेज मुक्त मिथिला र मैथिलि सेवा समितिका पदाधिकारीलगायत मैथिली भाषीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा स्थानीय सहआयोजक संस्था दहेज मुक्त मिथिला र मैथिली सेवा समितिका पदाधिकारीलगायत मैथिलि भाषीहरूको उल्लेख्य सहभागिता रहेको थियो । उत्सवमा नौवटा नाटक मञ्चन गरियो । २२ फागुनमा कथा नई भेटल, बन्द बाकस र सुनामी, २३ फागुनमा म रूपियाँ, विसङ्गगत र बरी, २४ फागुनमा देउकाशी, चीताबाट प्रश्न र खेतको गङ्गटो मञ्चन गरियो ।



# दहेजविरूद्धको आवाज : कथा नई भेटल

विराटनगर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा आयोजित राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को पहिलो दिन २२ फागुनमा नाटक 'कथा नई भेटल' मञ्चन गरियो ।

नाटकलाई लेखक निर्देशक प्रियंका झा आफैंले मञ्चमा प्रस्तुत गर्नुभएको थियो । मिथिला समाजमा महिलाहरूले दहेज ल्याउन नसकेका कारण श्रीमान्, सासू, ससुरा, नन्दलगायतबाट भोग्नुपरेको विभिन्न पीडालाई प्रियंकाले सशक्त रूपमा मञ्चमा उतार्नुभयो । करिब २० मिनेटको यो नाटकले दर्शकलाई स्तब्ध तुल्यायो ।


नाटकको कथामा मिथिलाको प्रत्येक घरपरिवारमा भइरहने घटना एवं समस्या प्रस्तुत गरिएको थियो । नाटकको कथा बाल्यवस्थामा बिहे र त्यसबाट उत्पन्न नकारात्मक परिणाममा केन्द्रित थियो । मिथिला समाजकी एउटी नारीले दाइजो अर्थात् दहेजका कारण भोग्नुपरेको समस्या र त्यसले निम्त्याउने विभिन्न घटना यो नाटकमा प्रस्तुत गरिएको थियो ।

नाटकको कथाअनुसार दहेज सामाजिक हैसियतलाई प्रदर्शन गर्ने माध्यम बनाइयो । सरूवा रोग जस्तै सधैं उच्च अभिजात्यबाट जनसामान्यमा पनि आयो । दहेजका पिसाचहरू हिंसा र यातनाका झन् क्रूर रूपहरूमा देखापरे । हत्या सामान्य बन्दै गयो । त्रासदका यी घटनालाई अति नै सामान्यीकरण गरियो ।

नाटकबारे निर्देशक झाले यो निर्दोष, तर पिताले दहेज दिन नसक्ने अभागीको नाटक भएको बताउनुभयो । उहाँले नाटकबारे भन्नुभयो, 'मिथिला जति सांस्कृतिक समृद्धिको कुरा गरे पनि महिलाको अस्तित्व अस्वीकार गर्ने समुदाय बन्दै गएको छ । त्यहाँ महिला योग्यता क्षमता गौण बनाइन्छ पुरूषत्वको अगाडि । बहुत थोरै सौभाग्यशाली महिलाले सम्मान पाएकी होलान्, हिंसा र अपमानबाट जोगिएकी होलान् ।' त्यस्तो भाग्यशालीको यो नाटक नभएको उहाँको कथन थियो ।

आफू त्यही समाजकी छोरी भएको र दहेजको कुरूपतालाई पनि ल्याउनुपर्छ भन्दै नाटक गरेको झाले प्रकाश पार्नुभयो । 'घरमा छोरी जन्मनु अभिशाप हो भन्ने मान्यतालाई महिमामण्डित गरिनुहुन्न । दुलही छोरी मात्र होइन, गर्भमै छोरी मार्नेहरूलाई कसरी जयजयकार गर्ने ? यो त्यसै विरूद्धको प्रतिवादको नाटक हो,' निर्देशक झाले भन्नुभयो । उहाँले यो नाटक दहेज पीडित महिलाहरूलाई समर्पित गर्नुभएको थियो । नाटकलाई लोकसञ्चार, जनकपुरले प्रस्तुत गरेको थियो ।





# वैदेशिक रोजगारमा मृत्युको कथा : **बन्द बाकस**

विराटनगर । राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को पहिलो दिन २२ फागुनमा दोस्रो शोको रूपमा दिउँसो २ बजे नाटक 'बन्द बाकस' मञ्चन भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा यो उत्सवमा बन्द बासक हेर्ने दर्शकको उल्लेख्य उपस्थिति थियो ।

भोराहाट नाट्य समूहको प्रस्तुति रहेको यो नाटकलाई भरत गुरागाईंले लेखन तथा निर्देशन गर्नुभएको थियो । नाटकमा सोही नाट्य समूहकी कलाकार कल्पना पराजुली एकल रूपमा प्रस्तुत हुनुभएको थियो ।

वैदेशिक रोजगारमा गएकाहरूको अकालमा हुने गरेको मृत्यु र त्यसले परिवारमा पार्ने गरेको विभिन्न कठिनाइ एवं पीडालाई यो नाटकमा निकै सशक्त रूपमा प्रस्तुत गरिएको थियो ।

नाटकको कथाअनुसार ठूलो सपना बोकेर विदेशिएकी ताराको शव विदेशबाट काठको बाकसमा आउँछ । आँगनमा उसकी आमाको लास छ । ऊ बाकसबाट निस्किन्छे । आमासँग रून्छे । अगाडिको समय स्मरण गर्छे । बालापन, विद्यार्थी हुँदाको अवस्था, विद्रोही छापामार, वैदेशिक रोजगारीसम्मका घटनाहरू स्मरणमा आउँछ । ऊ विदेशमा सामूहिक बलात्कारको सिकार हुन्छे । अन्तमा उसले आमाको लास बाकसमा हाल्छे र आफू पनि बाकसमा छिर्छे ।

हरेक वर्ष लाखौंको संख्यामा वैदेशिक रोजगारीमा विशेष गरेर खाडी मुलुक गरेर मृतकको रूपमा बाकसमा बन्द भएर आउनेहरूको कथालाई कल्पनाले शक्तिशाली रूपमा यो नाटकमा प्रस्तुत गर्नुभएको थियो । उहाँको अभिनयलाई दर्शकले खुलेर प्रशंसा गरे ।

नाटकबारे निर्देशक गुरागाईंले भन्नुभयो, 'नाटक बन्द बाकस हाम्रो समाजका महिलाहरूको मूर्त तथा अमूर्त पीडाको अभिव्यक्ति हो । आदिम सुरुङ्गभित्र हाम्रो समाज अहिले पनि छ र बन्द बाकसमार्फत् मैले विद्रोहको आवश्यकता पुष्टि गर्न खोजेको छु ।' उहाँको भनाइमा महिलालाई थुन्ने बाकसहरू भत्किनुपर्छ । बन्द बाकसको कथालाई कल्पनाले प्रशंसनीय रूपमा मञ्चमा उतारेको पनि उहाँले बताउनुभयो ।





# एकल महिलाको व्यथा : सुनामी

बिराटनगर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा आयोजित राष्ट्रिय महिला रङ्ग उत्सव २०७४ को पहिलो दिन २२ फागुनमा तेस्रो शोको रूपमा दिउँसो नाटक 'सुनामी' प्रदर्शन भयो ।

यो एकल नाटकलाई परिवर्तन थिएटर झापाले प्रस्तुत गरेको थियो । नाटकमा कलाकार एवं निर्देशक कविता नेपाल एक्लै प्रस्तुत हुनु भएको थियो । यो नाटक एकल महिलाको एउटा कथामा आधारित थियो ।


करिब २० मिनेटको नाटकले नेपाली समाजमा एकल महिलाले भोग्नुपरेको समस्यालाई दर्शाएको थियो । नाटकमा एउटा एकल महिलाले आफ्नो कथा प्रस्तुत गरिएको थियो ।

नाटकको पात्रले आफ्नो कथा यसरी मञ्चमा प्रस्तुत गर्छिन्, 'आमाले मलाई भन्नु हुन्थ्यो -तेरो निधार ठूलो छ, तँ त धेरै भाग्यमानी हुन्छेस् । तर अरूले भन्ने गर्थे- ला यसको दाँत त थिचरो छ, छोरी मान्छेको दाँत यस्तो भा'को त अभागी हुन्छन् रे । आमाले देखेको ठूलो निधारको मेरो भाग्यले दुई दाँतबीचको प्वाललाई पनि छेक्न सकेन, साँच्चै म अभागी रैछु । हिजोसम्म कति आँटिली छे यो त भन्नेहरू आजदेखि विचरा भन्न थालेका थिए । अनि त यसै पनि मानसिक रूपले कमजोर बन्दै गएँ ।'

अत्मकथा यसरी ती पात्रले सुनाउँदै जान्छिन्, 'यस्तो लाग्न थाल्यो यो शरीर गुडिया जस्तै हो । अब यस्तै जिउनुपर्ने भो मैले म नमरून्जेल । मैले नजानु भन्दा भन्दै नमानिकन घुमेर आउँछु तिमीलाई के के ल्याइदिन्छु भन्दै गएको, विवाह गरेको ११ दिनको दिन मलाई छोडेर हिँडेको मान्छे हाँसीखुसी मसँग फोनमा बोलिरहेको मान्छे एक्कासि..., भो म सोच्न पनि सक्दिनँ । विवाह गरेको १० दिनसम्ममा पनि न उसले मलाई कहिल्यै निर्वस्त्र देख्न पाए, न मैले । धेरै पहिले (मेरो हजुरआमा) को पालाको समय भएको भए अझ मलाई मुडुले बनाएर विरूप पार्थे होलान्, नियतिले मेरो शृङ्गार खोसे पनि मेरो उमेर खोस्न सकेन । मानौँ, कुमालेले माटोले बनाएको शरीरमा लगेर टाँसिएका अँहरू जस्तै मेरो शरीरका संवेदनशील अँहरू पनि शरीरमा टाँसिएका मात्र भए ।'

उनले अन्तिममा आफ्नो कथा यसरी टुंग्याउँछिन्, 'सोच्ने गर्छु अहिले आएर कसैले मलाई चलाइदिए हुने थियो, विस्तारै स्पर्श गरिदिए हुने थियो । तर अहँ, त्यसैले त म कहिलेकाहीँ उकुसमुकुस हुन्छु, मेरा मनभित्रका इच्छा चाहनालाई सबैसामु बाँड्दै हिँडौँ, पोख्दै हिँडौँ तर एउटी विधुवा जीवन यति रहेछ, न कसैसँग खुलेर हाँस्न हुन्छ, न चिच्याउन नै, न त रमाउन नै यस्तो लाग्छ उमेरले पनि मलाई ढाँट्यो, नभए त म धेरै समय बाँच्नु नपरिकन एकैचोटि मृत्युशैयामा पुग्थेँ र समाप्त गर्थें यो रङ्हीन फिक्का जीवन ।' यो नाटक तयारी गरिरहँदाको समयमा आफूलाई निकै गाह्रो भएको निर्देशक नेपालले सुनाउँदै भन्नुभयो, ' एउटी विवाहित महिला जसका हजारौँ सपना हुन्छन् । आफ्नो श्रीमान्सँगसँगै जीवन बिताउने, तर क्षणभरमै उसका सपना तुहेर जान्छन् । नाटक गरिरहँदा मैले आफूलाई त्यो पात्रमा पाए जुन पात्र मेरो आफन्त हुनुहुन्छ ।' नाटक गर्ने क्रममा आफू रोएको पनि उहाँले बताउनुभयो । नाटकलाई दर्शकले मन पराएको र एकल महिलाहरूको पीडालाई मञ्चमा प्रस्तुत गर्न पाउँदा केही सन्तुष्टि मिलेको निर्देशक कविता नेपालको भनाइ थियो ।





# भारतीय नोट नेपालमा बन्द हुँदाको पीडा : म रूपियाँ

विराटनगर । राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को दोस्रो दिन २३ फागुन २०७४ मा पहिलो शोको नाटक 'म रूपियाँ' मञ्चन गरियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा आयोजित उत्सवमा नाटक 'म रूपियाँ' घिमिरे युवराजको निर्देशनमा मञ्चन भएको हो ।


दुई वर्षअघि भारतमा गरिएको नोटबन्दीले भारतसँगै नेपालमा निम्त्याएको समस्यालाई नाटकमा बडो रोचकसँग प्रस्तुत गरिएको थियो । शिल्पी कला समूहद्वारा प्रस्तुत यो नाटकलाई कलाकार बंसरी पाण्डेले सशक्त रूपमा मञ्चमा उतार्नु भएको थियो ।


२५ मिनटसम्म प्रदर्शन गरिएको यो नाटकमा रूपियाँले बोल्न सक्ने भए आफ्नो कथा कसरी भन्थ्यो होला भन्ने प्रसंगलाई प्रस्तुत गरिएको छ । यसलाई पैसाको आत्मकथाको रूपमा पनि लिन सकिन्छ ।

यो नाटकको कथाअनुसार भारत र नेपाल आर्थिक रूपले एकअर्कासँग जोडिएका देश हुन् । भारतमा ९ नोभेम्बर २०१६ देखि भएको नोटबन्दीपश्चात् दुइटै देशको आमजनतामाथि असर भएको छ । 'म रूपियाँ' नाटक एउटा ५०० रूपियाँको भारतीय नोटको कथा हो । जसले नोटबन्दीपछि आफ्नो पहिचान खोजेको मञ्चमा देख्न पाइयो । यो नाटकले भ्रष्टाचार, कालोधन, धनी र गरिबबीचको अन्तर जस्ता मुद्दाहरू एउटा रूपियाँको नोटको दृष्टिकोणबाट प्रस्तुत गरेको थियो ।

नाटकबारे प्रकाश पार्दै निर्देशक घिमिरेले रूपियाँले हामीलाई, हाम्रो समाजलाई कसरी असर गरिरहेको छ भन्ने देखाएको बताउँदै भन्नुभयो, 'हामी रूपियाँ कमाउने दौडमा महसुस नै गरिरहेको हुँदैनौं । भारतमा भएको नोटबन्दीले हामीलाई हाम्रो रूपियाँमाथिको निर्भरता महसुस गर्न बाध्य बनाएको थियो । जब हामी कुनै एउटा निर्जीव वस्तुमा प्राण भर्छौं, त्यसले दर्शकलाई अचम्मित बनाउँछ ।'

जब रूपियाँ हाँस्यो, रोयो, यसले गीत गाउँदै आफ्नो कथा भन्यो, तब दर्शकहरूले आफ्नो जीवनीमा भएको कुरालाई एउटा नयाँ दृष्टिकोणबाट हेर्ने र बुझ्ने अवसर पाएको भनाइ निर्देशक घिमिरेको थियो । यो नाटक पनि यस्तै एउटा दृष्टिकोण दिने प्रयास भएको उहाँले प्रकाश पार्नुभयो ।







# नारीमाथिको अपहेलना : विसङ्गत

विराटनगर । राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को दोस्रो दिन २३ फागुनको दोस्रो शोको रूपमा दिउँसो नाटक 'विसङ्गत' मञ्चन गरियो । यो नाटकलाई ज्योति राईको निर्देशनमा सद्भाव थिएटरले मञ्चन गरेको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा आयोजित उत्सवमा प्रस्तुत नाटक 'विसङ्गत' पनि नारी समस्यामा केन्द्रित थियो । महिला रङ्ग उत्सव भएका कारण नारी समस्यामा केन्द्रित नाटकहरू बढी मञ्चन भएका हुन् । नाटकलाई निर्देशक राईले एक्लै मञ्चनमा प्रस्तुत गर्नुभयो । नाटकको कथाअनुसार एउटी अवोध महिला समाजले दिएको पीडा र अपमानलाई साहसका साथ लडिरहेकी छिन् । तिनै आमनारीको कथाव्यथा बोकेर हिँडेकी एक महिला प्रतिनिधि पात्र हुन् । उनलाई देश देखेर आममहिलाको चिन्ता छ । हाम्रो समाजमा नारीलाई कहिले



उत्ताउली, कहिले बेसरम, कहिले बलात्कार गरेर, कहिले बेचेर, कहिले बोक्सी बनाएर, कहिले दाइजोको नाममा जलाएर त कहिले बहुलाही बनाएर गाँजिरहेको घटनाहरूले सताउँछ । यस्तो घटना मूकदर्शक भैँ टुलटुल्ती हेरेर एक शब्दसमेत नबोल्नेहरूलाई उनी पाठ सिकाउँदै हिँड्छिन् । जबसम्म यो समाजको भ्रष्टाचारी, बलात्कारी, दलाल, तस्करी सबै अपराधीहरू ठेगान लाग्दैनन्, देश चलाउनेहरूको मन सफा हुँदैन, तबसम्म सज्जन नहुने साहसका साथ यी पात्र आँट र साहसका साथ एक्लै लडिरहेकी छिन् । नाटकबारे ज्योति राईले भन्नुभयो, 'यो नाटक उल्लेखित पात्र हाम्रो नेपाली समाजको आमनारीको कथाव्यथा बोकेको एक प्रतिनिधि पात्र हो । यहाँ हामी नारीहरू नारी दिवस मनाइरहँदा तिनै नारीहरूको कथाव्यथा बोकेकी त्यही नारीको पीडाले झकझकाई रहेको छ ।' आफूले समाजका यस्तै पीडित, असहाय निमुखा महिला पात्रलाई प्रतिनिधि पात्र बनाएर नाटक 'विसङ्गत' मा नेपाली समाजको चित्रण गर्न खोजेको उहाँले बताउनुभयो ।



# किशोरीको मानसिक र शारीरिक परिवर्तन : बरी

विराटनगर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा संयुक्त रूपमा आयोजित राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को तेस्रो दिन २४ फागुनमा पहिलो शोको रूपमा नाटक 'बरी' प्रदर्शन भयो । यो नाटकलाई सो उत्सवमा ख्यापकीमी कला संस्था नेपालले मञ्चन गरेको हो । एउट किशोर अवस्थामा प्रवेश गरिरहेकी युवतीको मनोविज्ञानलाई नाटकमा प्रस्तुत गरिएको थियो ।

बाल्य अवस्थाबाट किशोरावस्थामा प्रवेश हुँदा उनीहरूको शारीरिकसँग मानसिक अवस्थामा आउने परिवर्तनमाथि नाटक केन्द्रित थियो । त्यो मनोविज्ञानलाई कलाकार उजना सुनुवारले सहजै रूपमा मञ्चमा प्रस्तुत गर्नुभएको थियो ।

यो नाटकको कथाअनुसार बरी १२-१३ वर्षकी बच्ची हुन् । उनलाई आफ्नो शिलस्वभावबारे केही पनि थाहा हुँदैन । जसले जेसुकै भनोस्, जेसुकै गरून् केही वास्ता नगरी प्वाक्क बोलिहाल्छिन् । चञ्चले स्वभावको उनलाई एकदिन पहिलो रजस्वला भएको भन्ने थाहा हुँदैन । जहाँ गयो केही न केही काम बिगारेकै हुन्छिन् । जता पायो तेतै थ्याच्च बसिदिने, अरूभन्दा म के कम भन्ने, अरूको बारेमा कसैले खासखुस गर्‍यो भने कान थापेर सुन्ने बारीको बानी हो । उनलाई मन नपरेको मान्छेले जिस्कायो भने जेले पायो तेसैले हिर्काइदिने उनी अलिक आहारिसे जस्तो पनि छिन् । कसैले राम्रो लगायो, चिटिक्क परेर हिंन्यो भने आफू पनि त्यस्तै कपडा लाउने, कपाल बनाउने, त्यस्तै राम्रो बन्न खोज्ने उनको स्वभाव हो । यदि कसैको राम्रो ह्यान्डसम केटा देख्यो भने खोसौंला भैँ गर्ने बरी अलि अग्लो पातलो गोरो गोरो वर्णकी छिन् । कपाल लामो, वानपिसमा हाफपेन्ट, चप्पल लगाएको र कालो ब्याग भिर्ने बरीको किशोरावस्थाको कथा हो यो ।

नाटक बरीलाई बसन्ता सुनवारले निर्देशन गर्नुभएको हो । उहाँको भनाइमा यो एक समसामयिक नाटक हो । 'बरी नाटक नारीमा देखिने स्वभावको कथा हो, यसलाई मैले भोगेको, निहालेको र केही सुनेको कुराहरूबाट तीतामिठा अनुभवलाई संगालेर लेखी र मञ्चनको प्रयास गरेकी छु । यस नाटकमा किशोर किशोरी भएको महिलालाई आफ्नो बारेमा केही थाहा नभएको विभिन्न अवस्थासँग खेल्दाखेल्दै उसलाई के भएको हो, आफैलाई थाहा हुन्न र उसले आमालाई सबै कुरा जानकारी गराउँछे,' सुनुवारले भन्नुभयो । आमाले उसलाई सबै कामबाट निषेध गरेपछि उसमा आउने परिवर्तनलाई यो नाटकमा प्रस्तुत गर्न खोजिएको हो । यो नाटक २० मिनेटको थियो ।



# अविवाहित नारीको मनोविज्ञान : देउकाशी



एकजना वृद्धा महिला । जसको उमेर करिब ७० वर्षको छ । उनी अविवाहित हुन् । उनलाई विवाह गर्ने रहर नभएको हैन । जीवनका थुप्रै आरोह अवरोहका कारण उनले विवाह गर्न पाइनन् । उनी अहिले पनि आफूलाई प्रौढ हैन, तरूनी नै छु भन्छिन् । देउकाशी नामकी यी महिलालाई एकदिन आफ्नो विवाह हुने विश्वास छ । कसैले उनलाई आमा भनिदियो भने उनी रिसाउँछिन् । उनलाई सकैले बूढी भनिदिनु पनि हुँदैन ।


यो कथा हो नाटक देउकाशीको । विराटनगरमा सम्पन्न राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को दोस्रो दिन २३ फागुनको अन्तिम शोको रूपमा दिउँसो नाटक देउकाशी मञ्चन गरिएको हो । यो नाटकलाई सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर)ले मञ्चन गरेको हो ।

नाटकका निर्देशक वीरेन्द्र हमाल हुनुहुन्थ्यो । देउकाशीको कथालाई नाचघरकी कलाकार सुशीला थापाले निकै रोचक र प्रभावकारी रूपमा यो नाटकमा उतार्नुभएको थियो । दर्शकले नाटकबाट पूर्ण मनोरञ्जन पाएको बताए ।

नेपाली समाजमा उमेर ढल्कँदा पनि विवाह नभएका कैयौं नारीहरू छन् । तिनै नारीहरूको मनोविज्ञानको रूपमा यो नाटक तयार गरिएको पनि निर्देशक हमालले बताउनुभयो । नाटकलाई पुरू लम्सालले लेख्नुभएको हो । महिला मनोविज्ञानमा आधारित नाटक आधा घन्टाको थियो ।

नाटकमा एकल अभियन गर्दा निकै रमाइलो भएको सुशीलाको भनाइ थियो । आफ्नो उमेरको दोब्बरभन्दा बढी उमेर अर्थात् ७० वर्षकी महिलाको भूमिका निर्वाह गर्नु निकै चुनौतीपूर्ण भएको अनुभव उहाँले सुनाउनुभयो । तथापि ३० वर्षकी सुशीलाले ७० वर्षकी महिलाको भूमिका प्रशंसनीय हिसावले निर्वाह गर्नुभएको थियो ।

## पुरूषले नारीमाथि गर्ने व्यवहारको कथा : चीताबाट प्रश्न



विराटनगर । राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को तेस्रो दिन २४ फागुनमा दोस्रो शोको रूपमा नाटक 'चीताबाट प्रश्न' प्रदर्शन भयो । यो नाटकलाई क्षितिज नाट्य समूहका तर्फबाट माधव कल्पितले निर्देशन गर्नुभएको थियो । भरत गुरागाईले लेखेको यो नाटकमा सृजना खतिवडाको एकल प्रस्तुत रहेको थियो ।

चीताबाट प्रश्न नाटक नारीवादी सामाजिक नाटक हो । निम्न वर्गीय समाजको वास्तविक चित्र यस नाटकको माध्यमबाट देखाउन खोजिएको छ । पितृसतात्मक समाजमा नारीप्रति गरिने व्यवहार र यिनीहरूले युगौंदेखि भोग्दै आएको कथा व्यथालाई नाटकले छताछुल्ल पारेर पस्कने प्रयास गरेको छ ।


विगत दुई दशकभन्दा लामो समयदेखि पूर्वी क्षितिजमा अर्को क्षितिजको स्थापना गरेर क्रियाशील रूपमा समाज रूपान्तरणका लागि रङ्गमञ्चको माध्यमद्वारा काम गर्दै आएका माधव कल्पित झापाका एक जुझारू रङ्गकर्मी हुनुहुन्छ । उहाँले यो नाटकमा महिलाको समाजमा अहिलेको अवस्थालाई दर्शाउन खोज्नु भएको छ । बृहत् सांस्कृतिक सङ्ग्रहालयसहितको झापा नाटक घर निर्माणको अभियानमा सक्रिए यी निर्देशकको २० मिनटको नाटक चीताबाट प्रश्नलाई कलाकार सृजना खतिवडाले प्रशंसनीय रूपमा प्रस्तुत गर्नुभएको थियो ।

विराटनगर । राष्ट्रिय महिला रङ्ग उत्सव-२०७४ को तेस्रो दिन २४ फागुनको अन्तिम शोको रूपमा नाटक 'खेतको गङ्गटा' मञ्चन गरियो । यो नाटक बढी बिम्बात्मक थियो । नाटकलाई कलाकार निर्देशक सङ्गीत उरावँले मञ्चन गर्नुभएको थियो । नाटकलाई उहाँले मञ्चमा एक्लै प्रस्तुत गर्नुभएको थियो ।

गङ्गटो छ । यो गङ्गटा विभिन्न समस्याबाट पीडित छ । उसले आफ्नो पीडाहरू विभिन्न शारीरिक हाउभाउ र आफ्नो भाषाबाट पोख्द छ । मूलत यो नाटकमा गाउँघरको कथालाई प्रतिबिम्बित गरिएको थियो ।

ग्रामीण परिवेशको यो नाटकमा आफूले देखेको विभिन्न घटनालाई नै

रामभजन कामत, साजसज्जा तथा प्रविधि संयोजनमा सुदर्शन पुलामी, स्थानीय व्यवस्थापनमा दहेज मुक्त मिथिला, मैथिल सेवा समाज, प्रकाश परिकल्पनामा मिलन नेपाली र मिडिया संयोजनमा पवित्रा पगेनी हुनुहुन्थ्यो ।



# नारी कथा झल्काउने : खेतको गङ्गटा

तीन महिने थिएटरसम्बन्धी तालिम लिन आउँदा आफूले यो नाटक तयार गरेको र सोही नाटकलाई उत्सवमा मञ्चन गरेको सङ्गीतले जानकारी गराउनुभयो ।

शिल्पी थिएटरमा आफूले अभिनयसम्बन्धी सिकेको कुरालाई उहाँले नाटकमार्फत प्रस्तुत गर्नुभएको थियो । 'तालिमकै क्रममा यो नाटक पनि तयार पारेँ । हरेक किसिमको गतिविधिलाई अभ्यास गरेर मनन गर्न सिकाउँदो रहेछ,' कलाकार एवं निर्देशक उरावँले भन्नुभयो, 'आफै नाटकको रचना गर्ने, आफै अनेक पात्रको भूमिका निर्वाह गर्ने, आफै गीत गाउने र मञ्चमा प्रस्तुति पनि आफै गर्ने एक्लै प्रयासस्वरूप यो नाटक आएको हो । यो नाटक मैले मेरो मातृभाषामा नै गरेकी हुँ ।'

नाटकको कथाअनुसार खेतमा एउटा

निर्देशक उरावँले प्रस्तुत गर्नुभएको थियो । हरेक मानिसको बाल्यकालको कथा बेग्लाबेग्लै हुन्छ, हरेकको आ-आफनै सुखदुःखको कथा हुन्छ । हरेकले आ-आफ्नै किसिमको समस्यालाई पार गर्दै अघि बढिरहेका हुन्छन् । यस्ता कथा र घटनाको बिम्बको रूपमा खेतको गङ्गटा मञ्चन गरिएको हो । नारी भएर पनि नारीमाथि गरिएको व्यवहारलाई मञ्चमा ल्याउन नाटकबाट प्रयास गरिएको थियो । यो नाटकलाई शिल्पी कला समूहले प्रस्तुत गरेको हो । उत्सवमा मञ्चित अरू नाटकभन्दा केही लामो यो नाटक ३० मिनेटको थियो ।

यसरी तीन दिनमा नौवटा नाटक मञ्चन गर्दै उत्सव २४ फागनुमा सम्पन्न भयो । उत्सवको स्थानीय संयोजकमा प्रवीणनारायण चौधरी, मञ्च परिकल्पनामा





# भव्य भयो मेलम्चीमा दुई दिवसीय सङ्गीत महोत्सव

सिन्धुपाल्चोक । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा २३-२४ फागुन २०७४ मा सिन्धुपालचोकको मेलम्चीमा दुई दिवसीय सङ्गीत महोत्सव भव्यताका साथ सम्पन्न भयो । सिन्धुपाल्चोक जिल्लाको सांस्कृतिक बहस र विविध सांस्कृतिक प्रस्तुतिसहितको महोत्सव सम्पन्न भएको थियो । मेलम्ची नगरपालिकाको सहकार्यमा सम्पन्न महोत्सवको जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक र ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिले स्थानीय व्यवस्थापन गरेको थियो ।

महोत्सवको पहिलो दिन २३ फागुनमा सिन्धुपाल्चोक जिल्लाको सांस्कृतिक अवस्थाबारे बहस भयो । जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक संयोजक कृष्णगोपाल तामाङको प्रमुख आतिथ्यता र प्राज्ञ उदय श्रेष्ठको सभापतित्वमा गोष्ठी आयोजना गरिएको थियो ।

कार्यक्रममा स्थानीय संस्कृतिकर्मी डम्बर रसिक भारतीले सिन्धुपाल्चोकको विगतदेखि वर्तमानसम्मको सांस्कृतिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । भारतीले विभिन्न जाति, धर्म र संस्कृतिहरू रहेको सिन्धुपाल्चोक सांस्कृतिक विविधताले भरिएकाले यसको संरक्षण र सम्बर्द्धन गरिनुपर्ने कुरालाई कार्यपत्रमा उठान गर्नुभएको थियो । कार्यपत्रमाथि कवि तथा साहित्यकार चन्द्रप्रसाद न्यौपानेले टिप्पणी गर्नुभएको थियो । कार्यपत्र उत्कृष्ट भए पनि केही कुरा छुटेको बताउँदै त्यसबारे उहाँले थप प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा सिंगो सिन्धुपाल्चोक क्षेत्रको सांस्कृतिक अवस्थाबारे विचार विमर्श गरिएको थियो । विचार गोष्ठीमा सिन्धुपाल्चोक जिल्लाको सांस्कृतिक अवस्थाको अध्ययन अनुसन्धान गरी ऐतिहासिक दस्तावेज तयार गरिएमा लोकसंस्कृतिको उचित संरक्षण र पहिचान हुने भनाइ विभिन्न वक्ताहरूले राखेका थिए । यस्ता कार्यपत्रले भविष्यमा समेत यस क्षेत्रको पहिचानका लागि विशेष भूमिका खेल्ने उनीहरूको भनाइ थियो ।

मेलम्ची नगरपालिकाको हलमा सम्पन्न गोष्ठीमा सम्बन्धित क्षेत्रमा विद्वान्, प्रतिभा, कलाकार बुद्धिजीवी, संस्कृतिकर्मीहरूले आ-आफ्ना भनाइ राखेका थिए । चार घन्टा लामो बहसमा सिन्धुपाल्चोक क्षेत्रलाई सांस्कृतिक रूपमा समृद्ध बनाई छुट्टै पहिचान गराउने विषयमा सबैले जोड दिएका थिए । कुनै पनि क्षेत्र तथा समुदायको पहिचान र समृद्धिका लागि सांस्कृतिक

पहिचानमहत्वपूर्ण हुने भएकाले यस प्रकारका बहस, छलफल, अध्ययन अनुसन्धान आवश्यक रहेको सुझाव गोष्ठीमा सहभागीहरूबाट आएको थियो ।

महोत्सवको दोस्रो दिन कार्यक्रममा विविध लोकसंस्कृति प्रस्तुत गरियो । महोत्सव तथा सो सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथि सांसद शेरबहादुर तामाङ, प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा, जिल्ला समन्वय समिति संयोजक कृष्णगोपाल तामाङ, प्रदेश सभा सदस्य इन्द्रमाया गुरुङ्, मेलम्ची नगरपालिका मेयर डम्बरबहादुर अर्यालले पञ्चेबाजाको धुनमा संयुक्त रूपमा नेपालको राष्ट्रिय झण्डा फहराएर महोत्सवको उद्‌घाटन गर्नुभएको थियो । उहाँहरूसँगै उद्‌घाटनमा मेलम्ची नगरपालिकाकी उपमेयर भगवती नेपाल, समाजसेवी धर्मकृष्ण श्रेष्ठ, महोत्सब संयोजक एवं प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठ, स्थानीय व्यवस्थापन संयोजक उपेन्द्र तामाङलगायतले झण्डा फहराउनुभएको थियो ।

कार्यक्रमको उद्‌घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि सांसद तामाङले प्रज्ञा प्रतिष्ठानले सिन्धुपाल्चोक जिल्लामा भव्य कार्यक्रम आयोजना गरेर मेलम्चीको संस्कृति संरक्षणमा जोड दिएको छ भन्नु भयो ।

प्रज्ञा प्रतिष्ठानका उपकुलपति बासकोटाको सभापतित्वमा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा सम्बोधन गर्दै उहाँले लोक संस्कृतिले समृद्ध मेलम्ची क्षेत्रका लोक तथा परम्परागत संस्कृतिको जगेर्ना गर्न यो महोत्सवको महत्वपूर्ण योगदान रहनेछ भन्नु भयो । यस्तै, लोक संस्कृतिको हस्तान्तरण, नवप्रतिभाहरूलाई अवसर प्रदान गर्नुका साथै सामाजिक एकता र सदभावका लागि कार्यक्रम आयोजना गरिएको बासकोटाले बताउनुभयो । कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका तर्फबाट उपकुलपति बासकोटाले स्थानीय कलाकार जगन्नाथ आचार्य र नवराज घोरासैनीलाई सम्मान प्रदान गर्नुभएको थियो ।

दुई दिनको महोत्सव कार्यक्रमबारे प्रकाश पार्दै कार्यक्रम संयोजक प्राज्ञ उदय श्रेष्ठले राजधानीबाट नजिकैको सिन्धुपाल्चोक जिल्ला भौगोलिक दूरी नजिकै भएर पनि राष्ट्रियस्तरको कार्यक्रम त्यति नभएको बताउनुभयो । त्यसैले प्रतिष्ठानले आयोजना गरेको महोत्सव मेलम्चीबासीका लागि महत्वपूर्ण भएको र यसले मेलम्चीको सांस्कृतिक समृद्धिका लागि समेत बाटो खुलेको बताउनुभयो ।

दोस्रो दिनको महोत्सव एवं सांस्कृतिक कार्यक्रममा स्थानीय तथा राष्ट्रिय कलाकारहरूको बजोड प्रस्तुति रहेको थियो । कार्यक्रममा स्थानीय विभिन्न लोक तथा परम्परागत संस्कृतिहरू, लोकगायन र राष्ट्रिय कलाकारहरूको सांगीतिक प्रस्तुतिले सिंगो मेलम्ची बजारलाई सांगीतिक माहोल बनाएको थियो ।




सांस्कृतिक रूपमा समृद्ध यस क्षेत्रमा महोत्सवको आयोजना गरिएको हो भन्दै उहाँले महोत्सवले स्थानीय लोकसंस्कृतिको उन्नयनका लागि टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो क्रममा स्वागत मन्तब्य राख्दै महोत्सवको स्थानीय व्यवस्थापनका संयोजक उपेन्द्र तामाङले सिन्धुपाल्चोकको संस्कृतिबारे चर्चा गर्नुभयो । उहाँले प्रज्ञा

सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्थानबाट सहभागी हुनुभएका कलाकार हरूले स्थानीय लोक तथा परम्परागत गीत सङ्गीतहरू प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले पञ्चेबाजा, नेवारी झाँकी नृत्य, गुरुङ नृत्य, तामाङ नृत्य, क्षेत्री ब्राह्मणका लोक संस्कृति खैजडी भजन, बालन भजन, झाँक्री नृत्य, शेर्पा नृत्य



ाफ्रीसंस्कृतिका गीत तथा नृत्य स्तुत गर्दा सो महोत्सव विविध लोक स्कृतिमय भएको थियो । एकै थलोमा विविध सांस्कृतिक प्रस्तुतिहरू हेर्न पाउँदा दर्शकहरूले खुसी व्यक्त गरेका थिए । पञ्चेबाजाको धुन, खैजडी भजन, झ्याँकी नृत्य, तामाङ नृत्य र गुरूङ नृत्यलाई दर्शकले अत्यधिक रूचाएका थिए ।

स्थानीयको प्रस्तुतिसँगै राष्ट्रियस्तरमा ख्याति प्राप्त कलाकारहरू चर्चित गीतसङ्गीत प्रस्तुतिले कार्यक्रमलाई अझ उत्कृष्ट बनाएको थियो । राष्ट्रियस्तरका कलाकारको प्रस्तुति हेर्न महोत्सवमा हजारौंको संख्यामा स्थानीय उपस्थित भएका थिए ।

महोत्सवमा मनोहर सुनामले सेक्सोफोनमा विभिन्न धुनहरू सुनाउनु भयो । विश्व नेपाली र निशा देशारले कोटी कोटी...गीत गाउँदा दर्शकले तालीले साथ दिए । प्रस्तुतिकै क्रममा साजन राई, मञ्जु थापा, जितेन्द्रप्रसाद चौधरी, टीका प्रसाई, सञ्जय तुम्रोक, निशा देशार, अमृत खातीले आफ्ना चर्चित आधुनिक गीतहरू गाउनु भएको थियो । काठमाडौंबाट महोत्सवमा पुगेका कलाकारहरूको बेजोड प्रस्तुतिले त्यहाँ उपस्थित दर्शकहरूलाई मन्त्रमुग्ध पारेको थियो ।

कार्यक्रममा राष्ट्रियस्तरमा ख्याति कमाउनुभएका सिन्धुपाल्चोकका कलाकारहरू नवराज घोरासैनी, भीमसेन खतिवडा, उमा श्रेष्ठले पनि आफ्ना चर्चित गीतबाट जिल्लावासी दर्शकको मन जित्नु भयो । यी कलाकारहरूले आफ्नै थलोमा प्रज्ञा प्रतिष्ठानबाट गरिएको कार्यक्रममा भाग लिन पाउँदा खुसी व्यक्त गर्नुभयो । दर्शकहरू पनि आफ्नै क्षेत्रका कलाकार हरूको गायन प्रस्तुतिमा उत्साहित भएर नाचेका थिए ।

महोत्सव आयोजनाका लागि गठित स्थानीय व्यवस्थापनका समिति सदस्य तथा संस्कृतिकर्मी फइन्द्र तामाङले हजारौ दर्शकहरूको उपस्थिति रहेको सो कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यसम्म दर्शकहरूले साथ दिएका थिए । यसप्रकारका कार्यक्रमको आयोजनाले मेलम्ची क्षेत्रको सांस्कृतिक पहिचानको साथै पर्यटन प्रबर्द्धनमा समेत सहयोग पुग्ने दर्शकहरूको भनाइ थियो ।



# सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठान कर्मचारी संघ गठन

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान कर्मचारी संघ गठन भएको छ । गत १९ साउन २०७४ मा प्रतिष्ठानको परिसरमा आयोजित कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान कर्मचारी संघको घोषणा गरिएको हो ।

सोही सभाले संघको अध्यक्षमा हिरालीबन्धु भुजेललाई चयन गर्‍यो । प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा प्रतिष्ठानमा सम्पन्न कर्मचारीको भेलाले हिलारीलाई अध्यक्षमा चयन गरेको हो । यस्तै, उपाध्यक्षमा शिवराज थापा, गोविन्द बुढा, सचिवमा जगदीश सापकोटा, सहसचिवमा अम्बिका सुवेदी, कोषाध्यक्षमा सन्तोष पोखरेललाई चयन गरियो । सभाले संघको सदस्यहरूमा अम्बिका थापा, देवीकुमारी पराजुली, नमिता झा, नेत्रबहादुर भुजेल, मेनुका गौतम ढकाल, सार्थक महरा र सुरेशकुमार राउत चयन गरेको छ ।

यस्तै, संघको सल्लाहकारमा प्रदीप गुरागाईं, दीपक बोहरा, प्रविन सापकोटा र ध्रुव वाग्ले छन् । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले नयाँ कार्यसमितिलाई बधाई दिँदै प्रतिष्ठानमार्फत सङ्गीत नाट्यको विकासमा संघका पदाधिकारीको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

उपकुलपति शम्भुजीत बासकोटाले प्रतिष्ठानका कर्मचारी संगठित भएकोमा नयाँ कार्यसमितिलाई बधाई दिनु भयो । उहाँले संघको कार्यसमितिको कार्य सफलताको कामना व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू उन्नति बोहरा 'शीला', माधव प्रधान, पवित्रा घर्ती मगर, पुष्करबहादुर गुरूङलगायतले नयाँ कार्यसमितिलाई बधाई दिँदै प्रतिष्ठान र कर्मचारीबीचको सम्बन्ध आउँदा दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

# 'अरूण स्मृति पुरस्कार २०७४' प्रदान



काठमाडौं । ५ साउन २०७४ मा काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा १८ औं अरूण स्मृति सभा तथा अरूण स्मृति सङ्गीत पुरस्कार वितरण कार्यक्रम सम्पन्न गयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समितिद्वारा आयोजित सो कार्यक्रममा गीतकार एवं नेपाली साहित्यिक क्षेत्रका सर्जक प्रचण्डबहादुर बुढाथोकी मगरलाई कुलपति सरूभक्तले अरूण स्मृति सङ्गीत पुरस्कार प्रदान गर्नुभयो । कार्यक्रममा कुलपति सरूभक्तले अरूण थापासँगको निकटताको स्मरण गर्दै थापाको वास्तविक गायन यात्रा पोखराबाट सुरू भएको बताउनुभयो । अरूणका पिता गुञ्जनमान थापा सङ्गीतको सौखिन भएको र उहाँसँगको भेटपछि अरूणसँग भेट भएको र आफूहरूले पोखरेली युवा संस्कृति परिवारको स्थापना गरेको उहाँले जानकारी दिनुभयो । नेपाल लोकसङ्गीत क्षेत्रमा सर्जक प्रचण्डबहादुर बुढाथोकीको योगदानको पनि कुलपति सरूभक्तले चर्चा गर्दै उहाँलाई पुरस्कृत भएकोमा बधाई दिनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाल मगर संघका केन्द्रीय अध्यक्ष नवीन रोका मगर हुनुहुन्थ्यो । नेपाल मगर विद्यार्थी संघका अध्यक्ष कमल थापा मगरले नेपाली सङ्गीत क्षेत्रमा अरूण थापाको योगदानबारे चर्चा गर्नुभयो ।

# कुलपतिबाट रजत वर्ष सम्मान प्रदान

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले विभिन्न स्रष्टाहरूलाई समता काव्य सन्ध्या रजत वर्ष सम्मान प्रदान गर्नुभएको छ । पोखरेली युवा सांस्कृतिक परिवारद्वारा गत ७ असोज २०७४ मा आयोजित रजत वर्ष सम्मान कार्यक्रममा उहाँले सो सम्मान प्रदान गर्नुभएको हो ।

कुलपति सरूभक्तले आफैंले स्थाना गरेको पोखरेली युवा सांस्कृतिक परिवारले २५ वर्ष मनाउँदै पोखराको साहित्य विकासमा ठूलो योगदान पुर्‍याएकोमा खुसी लागेको छ, भन्नुभयो । पोखरेली साहित्यले देश विदेशमा चिनाउन यो संस्थाको महत्वपूर्ण योगदान रहेको बताउँदै संस्था स्थापना गर्दाको समयको स्मरण गर्नुभयो ।

कार्यक्रमका विशेष अतिथि एवं पोखरेली स्रष्टा तीर्थ श्रेष्ठले पनि पोखरेली युवा सांस्कृतिक परिवारको नेपाली साहित्यमा योगदानबारे कार्यक्रममा चर्चा गर्नुभयो । सो परिवारका अध्यक्ष दीपक समीरले २५ वर्षमा आफ्नो संस्थाले गरेको महत्वपूर्ण कार्यसहित सम्मानित स्रष्टाबारे बताउनुभएको थियो ।

# कुलपतिद्वारा सुवर्णलता विमोचन




काठमाडौं । सञ्चारकर्मी मालिका केशरीद्वारा लिखित 'सुवर्णलता'को विमोचन भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) एवं प्राज्ञ गीता केशरीले ८ माघमा काठमाडौंमा एक कार्यक्रमका बीच पुस्तक संयुक्त रूपमा विमोचन गर्नुभयो ।

'नेपाली साहित्यमा युवा पुस्ताको प्रवेश आशालाग्दो तवरले भएको छ । आत्मैदेखिको चाहनाले उत्प्रेरित भएर लेखकले साहित्य सिर्जना गरेका छन्,' पुस्तकको बारेमा बोल्दै कुलपति सरूभक्तले भन्नुभयो । उपन्यास नायिका प्रधान भएको चर्चा गर्दै यस्ता कृतिबाट नेपाली साहित्यको भण्डार वृद्धि हुनेमा विश्वास उहाँले व्यक्त गर्नुभयो ।

प्राज्ञ गीता केशरीले उपन्यासको बारेमा समीक्षा गर्दै बुद्ध वाणीमा आधारित यस्ता सिर्जना नेपाली साहित्यमा आवश्यक भएको बताउनुभयो । लेखक मालिका केशरीले हजुरआमाले बाल्यकालमा सुनाएका कथाबाट नै आफूमा लेखनकला विकास भएको बताउनुभयो ।

# कुलपतिद्वारा चेतना संरक्षण पुरस्कार प्रदान



विराटनगर । चेतना संरक्षण प्रतिष्ठान नेपाल, विराटनगरले विभिन्न व्यक्तिहरूलाई सम्मान गरेको छ । गत २७ माघ २०७४ मा विराटनगरमा एक समारोहबीच नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम सम्पन्न भएको हो ।

आ-आफ्नो क्षेत्रमा विशेष योगदान पुर्‍याएको भन्दै सो संरक्षण प्रतिष्ठानका तर्फबाट चित्रकलामा कास्कीका यादवचन्द्र भुर्तेल, समाजसेवातर्फ एबीसी नेपाल काठमाडौंकी दुर्गा घिमिरे, पत्रकारतर्फ इलामका दुर्गानाथ शर्मा, मानव धर्म सेवातर्फ धनगढीका मणिराज जोशी र साहित्यतर्फ

...प्रा.डा. लक्ष्मण गौतमलाई जनही ५० हजारसहित चेतना ... पुरस्कार प्रदान गरियो ।

...पाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले ... पुरस्कार प्रदान गर्नुभएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति ...ले यस्तो पुरस्कारले सम्बन्धित पेसामा क्रियाशील व्यक्तिलाई ... प्रेरित गर्ने बताउनुभयो । सो संस्थाका अध्यक्ष गंगा सुवेदीले चेतना संरक्षण प्रतिष्ठानले यो १५ वर्षमा गरेको कार्यको चर्चा गर्दै पुरस्कृत व्यक्तिहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

# पोखरामा उपकुलपति अभिनन्दित



पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं लोकप्रिय सङ्गीतकार शम्भुजीत बासकोटा अभिनन्दित हुनुभएको छ । ताल नगरी पोखरामा रथारोहणसहित उहाँलाई गत २६ फागुन २०७४ मा नागरिक अभिनन्दन तथा सम्मान गरिएको हो ।

लायन्स अन्तर्राष्ट्रिय स्थापनाको शतवार्षिकी अवसरमा उहाँलाई अभिनन्दन गरिएको थियो । अभिनन्दनअघि सभागृहदेखि सुरू रथारोहण न्युरोड, महेन्द्रपुल, नयाँबजार हुँदै प्रदर्शनी केन्द्रमा पुगी अभिनन्दन कार्यक्रममा परिणत भएको थियो ।

समारोहका प्रमुख अतिथि उपराष्ट्रपति नन्दकिशोर पुनले उपकुलपति बासकोटालाई अभिनन्दन गर्नुभएको हो । अभिनन्दन कार्यक्रममा प्रदेश ४ का प्रमुख बाबुराम कुँवर, मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङ, लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी १ नेपालका डिस्ट्रिक्ट गभर्नर धनराज आचार्य, पोखरा लेखनाथ महानगरका प्रमुख मानबहादुर जिसीलगायतले टीका, माला, दोसल्ला लगाइदिनुभएको थियो । उपकुलपति बासकोटासँगै हास्यव्यंग्य कलाकार मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यलगायतलाई पनि सम्मान गरियो ।

उपराष्ट्रपति पुनले लायन्सले सामाजिक सेवामा गरेको कार्यको उच्च प्रशंसा गर्नुभयो । उहाँले आर्थिक सामाजिक रूपान्तरणसहितको समुन्नत र समृद्ध नेपाल निर्माणका लागि सबैले हातेमालो गर्ने युग हो भन्दै आर्थिक समृद्धिका लागि सबैलाई हातेमालो गर्नसमेत अपिल गर्नुभयो ।

कार्यक्रममा लायन्सका पास्ट इन्टरनेसनल डाइरेक्टर जगदीशकुमार अग्रवाल, लायन्सका पास्ट इन्टरनेसनल डाइरेक्टर इन्जिनियर सञ्जय खेतान, लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ बी १ नेपालका डिस्ट्रिक्ट गभर्नर धनराज आचार्यलगायतले पर्यटकीय नगरी पोखरामा मुलुकका स्रष्टा गहनालाई अभिनन्दन गर्न पाउँदा खुसी लागेको बताउनुभयो ।

# कर्मचारी संघद्वारा शुभकामना आदान प्रदान



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, कर्मचारी संघले १ असोज २०७४ मा विजयादशमी, शुभ दीपावली तथा छठ पर्व २०७४ को अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

नेपाल सरकारका रक्षामन्त्री भीमसेनदास प्रधानको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सभापतित्व संघका अध्यक्ष हिलारी बन्धुले गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै रक्षामन्त्री प्रधानले कर्मचारीहरू राष्ट्र सेवक भएकाले उनीहरूको हकअधिकारलाई राज्यले गम्भीरताका साथ लिनुपर्दछ, भन्नु भयो । उहाँले सरकार र कर्मचारीबीच नङ र मासुको सम्बन्ध रहन आवश्यक छ भन्दै कर्मचारीहरूको हक अधिकार सुरक्षित हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले कर्मचारीको हक अधिकारका बारेमा आफू सदैव सकारात्मक रहेको बताउनुभयो । उहाँले कर्मचारीहरू कुनै पनि प्रतिष्ठानका मेरूदण्डको रूपमा हुने भन्दै संघलाई शुभकामना व्यक्त गर्नुभयो ।

यस्तै, प्रतिष्ठानका उपकुलपति एवं वरिष्ठ सङ्गीतकार शम्भुजीत बासकोटले बडा दशै, दीपावली तथा छठको शुभकामना व्यक्त गर्नु हुँदै प्रतिष्ठानको विकासमा कर्मचारीको पनि त्यत्तिकै भूमिका हुने गरेको बताउनुभयो ।

कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष खिलनाथ दाहाल पनि अतिथि हुनुहुन्थ्यो । सो कार्यक्रममा दाहालले कर्मचारीहरूको हकहित विषयमा प्रकाश पार्दै नेपालको हरेक परिवर्तनको आन्दोलनमा कर्मचारी जगत अछुतो नभएको बताउनुभयो । उहाँले ट्रेड युनियन आन्दोलनको बारेमा प्रकाश पार्नुभएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, कर्मचारी संघका अध्यक्ष हिलारी बन्धुले सबैलाई संघका तर्फबाट शुभकामना प्रदान गर्दै संघको उद्देश्य र योजनाबारे प्रकाश पार्नुभएको थियो ।

# कला भूषण चन्द्रराज शर्मा अब सम्झनामा




काठमाडौं । नेपाली सुगम सङ्गीतका हस्ती अग्रज सङ्गीतकार एवं नेपाल कला भूषण चन्द्रराज शर्मा अब सम्झनामा मात्र सीमित हुनुभएको छ । उहाँलाई हामीले ७८ वर्षको उमेरमा ६ पुस २०७४ बिहान भौतिक रूपमा गुमायौं । राजधानीको त्रिविवि शिक्षण अस्पतालमा उपचारको क्रममा उहाँको निधन भएको थियो । उहाँ लामो समयदेखि उच्च रक्तचाप र मधुमेह समस्याबाट पीडित हुनुहुन्थ्यो ।

उहाँको सोही दिन दिउँसो पशुपतिको आर्यघाटमै श्रद्धाञ्जली कार्यक्रममा राखिएको थियो । नेपाली चलचित्र क्षेत्रका अग्रज सङ्गीतकर्मी, गायक गायिका एवं कलाकारले उहाँको पार्थिव शरीरमा पुष्पगुच्छा चढाउँदै श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । त्यसपछि उहाँको पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको थियो । दिवंगत सङ्गीतकार शर्माका दुई छोरा र एक छोरी हुनुहुन्छ । जसमध्ये एक छोरा सुदेश शर्मा पनि सङ्गीतकार र नरेश शर्मा रेडियोकर्मी हुनुहुन्छ ।

१९९६ जेठमा काठमाडौंको ज्ञानेश्वरमा जन्मिनु भएका शर्माले बुबा सङ्गीत शिरोमणि स्व.पण्डित यज्ञराज शर्माबाट सांगीतिक ज्ञान हासिल गर्नुभएको थियो । उहाँले पछि प्रयाग सङ्गीत समिति इलाहावाद भारतबाट सङ्गीत प्रभारको डिग्री हासिल गर्नुभएको थियो ।

शर्माले नेपाल प्रज्ञा प्रतिष्ठानमा २०२९ देखि २०५७ सालसम्म सङ्गीत विभागको निर्देशकको रूपमा सेवा गर्नुभएको थियो । नेपाल कला भूषण शर्मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०५१ सालबाट पाँच वर्ष प्राज्ञ सभा सदस्य पनि हुनुभएको थियो ।

अग्रज सङ्गीतकार शर्माले कुमारी, जीवनज्योति, भानुभक्त, श्री स्वस्थानी जस्ता चलचित्रमा सङ्गीत दिनुभएको थियो । कैयौं वृत्तचित्रमा सङ्गीत निर्देशन गरिसक्नुभएका उहाँ सँगीत विशेषज्ञ हुनुहुन्थ्यो ।

नेपाल कला भूषण चन्द्रराज शर्माले महाकवि लक्ष्मीप्रसाद देबकोटाको मुनामदन, राष्ट्रकवि माधवप्रसाद घिमिरेको शाकुन्तलसहित दुई दर्जनभन्दा बढी नाटकमा सङ्गीत निर्देशन गर्नुभएको थियो । नेपाली गीति नाटक र ब्यालेमा सङ्गीत सृजना गर्न उहाँ सिद्धहस्त हुनुहुन्थ्यो । यस्तै, शर्माले एक सय २५ भन्दा बढी फुटकर गीतमा सङ्गीत सृजना गर्नुभएको थियो ।

नेपाली सङ्गीत क्षेत्रमा पुऱ्याएको योगदानस्वरूप उहाँलाई नेपाल सरकारले नेपाल कला भूषणबाट सम्मानित गरेका थियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट तीन वर्षअघि राष्ट्रिय प्रज्ञा पुरस्कार प्राप्त उहाँ भक्तराज आचार्य सङ्गीत पुरस्कारबाट यसै वर्ष सम्मानित हुनुभएको थियो । नारायण गोपालको स्वर रहेको म मरे पनि पनि मलाई मेरो देशको माया छ...जस्तो राष्ट्रिय गीतमा शर्माले सङ्गीत दिनुभएको थियो । मुटुको हरेक नशा..., चट्ट चुँडी नजाऊ..., उड्यो चरी बेग मारी...सहित कैयौं गीतहरू कालजायी बनेका छन् ।

## शर्माप्रति श्रद्धासुमन

दिवंगत अग्रज सङ्गीतकार एवं नेपाल कला भूषण चन्द्रराज शर्माको १३औं दिनको पुण्यतिथिमा राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा गत १८ पुस २०७४ मा शर्माप्रति श्रद्धाञ्जली अर्पण गरियो । सो श्रद्धाञ्जली सभामा कला भूषण शर्माको नेपाली सङ्गीतमा योगदानको चर्चा गरियो ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा, सांस्कृतिक संस्थानका अध्यक्ष उधोग राई, सो संस्थानका निमित्त महाप्रबन्धक कृष्ण गुरूङ, देउडा गायक नन्दकृष्ण जोशी, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानलगायतले कला भूषण शर्माको तस्बिरमा माल्यार्पण गर्दै उहाँको आत्माका चीरशान्तिका लागि दीप प्रज्वलन गर्नुभएको थियो ।




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थानले संयुक्त रूपमा श्रद्धाञ्जली सभा आयोजना गरेको हो । सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक लक्ष्मण रायमाझीले राज्यका तर्फबाट शर्मालाई बेवास्ता गरिएको गुनासो पोख्नुभएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले रायमाझीको गुनासोलाई सम्बोधन गर्दै शर्मा बिरामी हुँदा उपचार गर्न राज्यसँग प्रतिष्ठानले अनुरोध गर्दा राज्यबाट सहयोग नमिलेका कारण उहाँलाई चाँडै गुमाउनु परेको दुखद पक्ष खुलाउनुभयो ।

अब शर्माका सृजनालाई कालजयी बनाउन उहाँको एउटा लाइब्रेरी स्थापना गरेर त्यसलाई जोगाउन पहल गर्नुपर्ने धारणा उपकुलपति बासकोटाले राख्नुभयो । नेपाली सङ्गीतमा नेपाल कला भूषण शर्माले पुऱ्याउनुभएको योगदानको पनि उहाँले चर्चा गर्नुभयो । कार्यक्रममा अग्रज देउडा गायक नन्दकृष्ण जोशीले आफ्नो सांगीतिक यात्रामा कला भूषण शर्माको ठूलो प्रेरणा रहेको बताउँदै शर्मासँगको सांगीतिक यात्राको स्मरण गर्नुभएको थियो ।


शर्माका छोरा नरेश शर्माले आफ्ना बुबाले नेपाली सङ्गीतमा पुऱ्याएको योगदानबारे जानकारी गराउँदै बुबाले देखाउनु भएको पदलाई आफूहरूले पछ्याउने बताउनुभयो । कार्यक्रममा शर्माबारे वृत्तचित्र प्रस्तुत गरिएको थियो ।

सांस्कृतिक संस्थानका अध्यक्ष उधोग राईले नेपाल कला भूषण शर्माले सांस्कृतिक संस्थामा रहेर गर्नुभएको सांगीतिक सृजनाबारे चर्चा गर्नुभयो ।


सांस्कृतिक संस्थानका निमित्त महाप्रबन्धक कृष्ण गुरूङ, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानले पनि सङ्गीतकार शर्मासँगको स्मरण सुनाउँदै उहाँप्रति श्रद्धासुमन व्यक्त गर्नुभयो ।



# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित अनुसन्धानमूलक पुस्तकहरू




मूल्य रु : ६५०/-




मूल्य रु : ५००/-




मूल्य रु : ३२५/-


प्राज्ञिक संसार Academia Music-Drama Bulletin
सङ्गीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं - ११७३०
फोन नं : ४४२८४०४/४४२८४०५,
फयाक्स नं : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधान सम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
भक्त श्रेष्ठ (सरूभक्त)
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नती बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरुङ
माधव प्रधान
रमेशरञ्जन झा